

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

राष्ट्रिय ‘क’ वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com

लैङ्गिक हिंसा अन्त्यको प्रतिबद्धताः
व्यक्ति, समाज र सबैको ऐक्यबद्धता

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७७ फागुन २६ गते बुधवार // मृत भस्म नबन्दैमा भ्किल्को भैकन बल्नुछ // 2021 March 10 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १९४


## राष्ट्रिय र निकुञ्जको वनमा डढेलो शुरू

प्रस, पंचगावाँ, २५ फागुन/

पर्साको राष्ट्रिय वन र पर्सा राष्ट्रिय निकुञ्जको जङ्गलमा डढेलो लाग्न शुरू भएको छ ।



डढेलो लाग्दै गरेको वन क्षेत्र । तस्वीरः प्रतीक

शिशिर ऋतुमा रूखको पात झर्ने र वसन्तमा नयाँ पात पलाउने गर्छ । अहिले रूखबाट झरेका पातहरू सुकेको र त्यहाँ लापरवाही भएको कारण डढेलो लागेको पटेर्वासुगौली गाउँपालिका–३ सोनवर्षाका मुन्ना तिवारीले बताए । उनले प्राकृतिक सम्पदा संरक्षणको जिम्मेवारी लिएको डिभिजन वन कार्यालय र पर्सा राष्ट्रिय निकुञ्जले सचेतना कार्यक्रम तथा जङ्गल प्रवेश गर्नेहरूलाई आगलागी हुने वस्तुसहित प्रवेशमा रोक नलगाएको कारण आगलागीका घटना हुने गरेको बताए । अहिले राष्ट्रिय वन तथा पर्सा राष्ट्रिय निकुञ्जमा सानातिना डढेलो दैनिक लाग्ने गरेको छ । जङ्गल प्रवेश गर्नेहरूले चुरोट, बिंडी सेवन गरेर जथाभावी फाल्ने गर्दा डढेलोका घटनाहरू भइरहेका छन् ।

डढेलोबाट झरेर सुकेका पातहरू र साना बिरुवाका साथै सुकेका ठूला रूखहरू पनि नष्ट भइरहेका छन् ।

वनजङ्गलमा भइरहेका डढेलो नियन्त्रणका लागि वन कार्यालय र निकुञ्जले पूर्वतयारी गरेको छैन । बर्सेनि फागुन र चैत महीनामा हावाहुरी चल्ने र डढेलोका घटनाहरू हुँदै आएका छन् । सखुवाप्रसौनी गापा–१ मधुवन मथवलका वडासदस्य पारस महतो थारूले वन, साझेदारी वनले प्राकृतिक सम्पदा जोगाउनका लागि डढेलोविरुद्ध पूर्वतयारी नगरेको आरोप लगाए । उनले वनजङ्गल भएको क्षेत्रमा आगलागी नियन्त्रणका लागि वारुणयन्त्रसमेत नभएको बताए ।

वनजङ्गल रहेका स्थानीय तह अन्तर्गतका पालिका, वन तथा निकुञ्ज र साझेदारीले वारुणयन्त्र खरीदको लागि अहिलेसम्म प्रयास गरेका छैनन् ।

यसैगरी, वनजङ्गल प्रवेश गर्नेहरूका लागि कुनै निश्चित मापदण्ड पनि बनाइएको छैन । जसले गर्दा सलाई, लाइटरजस्ता आगलागी हुने वस्तुहरू लिएर जङ्गल प्रवेश गर्नेहरूको सङ्ख्या बढेको छ । जङ्गल मास्ने काममा सक्रिय तस्कर र यही बाटो लागूऔषधको तस्करी पनि हुने हुनाले रातिपख सलाई, लाइटरसहित तस्करहरूको प्रवेश हुने र उनीहरूले बिंडी–चुरोट जथाभावी फाल्दा डढेलो लाग्ने गरेको छ । डढेलो फैलिन नदिन राष्ट्रिय वन र निकुञ्जले सीमित क्षेत्रमा फायरलाइनको व्यवस्था गरेको छ । तर जङ्गलका विभिन्न स्थानमा डढेलो लाग्ने क्रमलाई भने रोक्ने कार्य गरेका छैनन् ।

डिभिजन वन कार्यालय, पर्साका निमित्त प्रमुख फरमान मियाँले बर्सेनि डढेलोको समस्या हुने गरेकोले जङ्गल क्षेत्रसँग जोडिएका बस्तीहरूलाई सचेत गर्ने गरिएको बताए । उनले जङ्गल प्रवेश गर्नेहरूलाई आगलागीका सामानहरू लिएर जङ्गलमा नजान आग्रह गरिएको तर केही व्यक्तिको गैरजिम्मेवारीपनले आगलागीका घटना भइरहेको बताए ।

## युवकको हत्यामा संलग्न एकजना पक्राउ

प्रस, निजगढ, २५ फागुन/

बाराको निजगढ नगरपालिका–९ बुद्धचोकनजीकैको एक घरभित्र एकजना युवकको मङ्गलवार बिहान धारिलो हतियार घाँटीमा प्रहार गरी हत्या गरिएको अवस्थामा शव फेला परेको छ ।



घटनास्थलको अनुसन्धान गर्दै प्रहरी । तस्वीरः जीतलाल श्रेष्ठ

मृत्यु हुनेमा निजगढ नगरपालिका–९ बजारटोलका १९ वर्षीय रोहित शर्मा रहेको इलाका प्रहरी कार्यालय निजगढले जनाएको छ । त्यस घटनामा संलग्न रौतहट जिल्ला चन्द्रपुर नगरपालिका–४ का २९ वर्षीय अरुणकुमार साहलाई आज बिहान करीब ७:४५ बजे नियन्त्रणमा लिएको बारा प्रहरीले बताएको छ ।

पूर्व–पश्चिम राजमार्गको बुद्धचोकसँगै रहेको एक पक्की घरको माथिल्लो तलाको कोठामा रगताम्य अवस्थामा रोहित मृत फेला परेका हुन् । सोही घरको तल्लो तलामा कोठा भाडामा लिई होटल व्यवसाय गर्ने तिलकुमारी आले र सत्यमान थिङले आज बिहान करीब ४:१५ बजे होटल खोल्न आएपछि सो घटना भएको जानकारी पाउनासाथ प्रहरीलाई खबर गरेका थिए । बिहान होटल खोल्न आउँदा माथि कोठाबाट चिच्याएको आवाज सुनेको र अरू आवाज पनि तलैसम्म सुनिने गरी आएपछि आफूहरू ढोका खोलेर बाहिर निस्कँदा मुखमा मास्क लगाएको एक अपरिचित युवक हतार–हतार घरबाहिरको भऱ्याङबाट तल ओर्लिएको होटल सञ्चालक तिलकुमारी आले र सत्यमान थिङले बताए ।

ती व्यक्तिले घटना भएको घरअगाडि रोकिराखेको मोटरसाइकल डोऱ्याएर अलि पर जाँदै गर्दा आफूले समात्न खोज्दा ती युवकले ‘यो मोटरसाइकल मेरो हो’ भन्दै झर्केर बोलेपछि आफू पछि हटेर होटलमा आई प्रहरीलाई फोन गर्न लाग्दा ती व्यक्ति भागेको थिङले बताए । जबरजस्ती समात्दा आफूमाथि नै आइलाग्ने हुँदा म डराएँ, थिङले भने, उसले ज्यानै मारेको भन्ने कुरा त्यस बेला आफूलाई थाहा नभएको तर प्रहरी आएपछि हेर्दा त्यस व्यक्तिले ज्यान पो मारेको रहेछ ।

घटनाबारे खबर पाउनासाथ इलाका प्रहरी कार्यालय निजगढका प्रहरी निरीक्षक विकास थपलिया, सशस्त्र प्रहरी सुरक्षा बेस निजगढका प्रहरी नायब उपरीक्षक एकराज बुर्लाकोटी केहीबेरमैं आएका थिए । थप अनुसन्धानका लागि

(बाँकी अन्तिम पातामा)




**कठिन समयमा पनि हिम्मत नहारी सङ्घर्ष गर्दा मानिसले आत्मबलरुपी अमूल्य धन प्राप्त गर्छ ।**

**-विचारसार र सूक्तिहरू**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com

Website: www.prateekdaily.com


# लाज बचाउनुपर्छ

**मानिसले गर्ने हरेक क्रियाकलापको सीमा हुन्छ । सीमा नाघ्नु अति हो, अति भए खति हुन्छ र त्यसले दुर्गति निम्त्याउँछ। सुन्दर देखिनका लागि आवश्यक मात्रामा अङ्गप्रदर्शन गर्नुपर्ने फेशन विज्ञहरूको मत छ। यसरी अङ्गप्रदर्शन गर्दा पनि त्यसको परिधि, सीमा, मूल्य–मान्यताहरू छन् । जङ्गली युगमा पनि बोक्रा र पातले ढाकेर बचाएका लाजहरूलाई अहिले पनि ढाक्नै पर्छ । अङ्गप्रदर्शनको नाममा ढाक्न पर्ने अङ्गहरू ढाकिएन भने सुन्दर होइन, घीनलाग्दो, कुरूप देखिन्छ। अनि ऊ घृणा र हाँसोका पात्रमा रूपान्तरित हुन्छ। संसारका प्राणीहरूमध्ये मानवजाति नै त्यस्तो प्राणी हो, जसलाई लाज र नैतिकताले सिङ्गारेको हुन्छ । यसको मर्यादालाई जति बचाउन सके, त्यति नै असल मानिन्छ र उसको लागि सामाजिक वातावरण चौतर्फीरूपमा सहज बनिदिन्छ ।**

**राजनीति मानवजीवनको महत्त्वपूर्ण पाटो हो । राज्यमा बस्ने कुनै पनि नागरिक प्रत्यक्ष वा परोक्षरूपमा राजनीतिसँग जोडिएका हुन्छन् । राजनीति मानव समाजको महत्त्वपूर्ण विज्ञान हो। मानव सभ्यता तथा सामाजिक विकासको मार्गचित्र राजनीतिले गर्छ । अतः राज्य सञ्चालनको नीति अर्थात् राजनीतिको स्वरूप सही भए समाजको अग्रगति र खराब भए दुर्गति बेहोर्नुपर्छ । यसर्थ राजनीतिलाई बुझ्न र त्यसको मर्यादा एवं परिधिभित्र रहेर नैतिकवान्‌रूपमा प्रस्तुत हुन जरुरी छ । झन्डा बोकेर जिन्दाबाद र मुर्दाबाद भन्दै हिंड्नु वा हिंडाउन सक्नु मात्रै राजनीति होइन। निष्पक्ष रही असल र खराब पहिचान गरेर मतदान गर्नु झन् राजनीतिको महत्त्वपूर्ण पाटो हो । मतदाताको मताधिकारबाट राज्य सञ्चालनको जिम्मेवार तहमा पुगिने हो। चोर पुगून् या साधु लोकतान्त्रिक पद्धतिमा त्यसको जिम्मेवार पक्ष मतदाता नै हुन्। लोकतान्त्रिक शासन पद्धतिमा सरकार जनप्रतिनिधिको मातहत र जनप्रतिनिधि मतदाताको मातहत हुन्छन्। तर आवधिक चुनाव हुने भएकाले एक अवधिदेखि अर्को अवधिसम्मको लागि मतदाताले जनप्रतिनिधि वा राजनीतिक दललाई वारेस मानेर अधिकार सुम्पेका हुन्छन्। यसरी तालाचाबी सुम्पिएर वारेस बनाइएकाहरूमा न्यूनतम लाज र नैतिकता हुनै पर्छ। अन्यथा मतदाताले दुःख पाउनु त छँदैछ, त्यस्ता धोखेबाज प्रतिनिधिको पनि दुर्गति निश्चित छ ।**

**हाम्रो मुलुकका राजनीतिक दल र तिनका नेताहरूले राजनीतिलाई समाज विज्ञानको रूपमा भन्दा पनि फोहोरी खेलको रूपमा प्रयोग गरिरहेका छन् । दलका नेता तथा जनप्रतिनिधिहरू प्रधानमन्त्री केपीशर्मा ओली र पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालको शब्दमा भन्ने हो भने 'नाटक र नौटङ्की' मा व्यस्त छन् । राज्य सञ्चालनको असल नीतितर्फभन्दा पनि एउटाले अर्कोलाई सिध्याउने व्यक्तिगत, नातागत, समूहगत स्वार्थको कपट नीतितर्फ उद्धत् छन् । उद्धाहरणका लागि, मर्यादाको सीमा नाघेर गालीगलौज, खुट्टा टोकाटोकमा उत्रिएका सत्तारूढ नेकपा र तिनका नेताहरूको दुर्गति शुरू भइसकेको छ। केही पहिले गला मिलाएका प्रचण्ड र ओली लात हानाहान गर्दा उछिटिएर दुईतिर पुगे । हिजो भर्खर एकले अर्कालाई सर्वाङ्ग पारेका ओली र नेपाल फेरि लाजै पचाएर एकले अर्कोलाई सलाम गर्नुपर्ने अवस्थामा पुगेका छन्। राजनीतिमा जे पनि हुन्छ भन्ने होइन। असल राजनीतिमा यस्तो अवस्था आउनुहुँदैन । यो त फोहोरी राजनीतिको उपज हो । हिजो उनीहरूले स्वस्थ प्रतिस्पर्धा गरेर मर्यादा बचाएको भए आज कुरूप अवस्था देख्नुपर्ने र लाजले झुक्नुपर्ने थिएन ।**

# बस्ती अधिग्रहणमा विधिशास्त्रीय समस्या

स्वतन्त्र विचार



अधिवक्ता वीरेन्द्रप्रसाद यादव
wokil.birendra@gmail.com

**कुनै अन्य गाउँका व्यक्तिसँग वा राज्यसँग कुनै विवाद भयो भने उसले आफ्नो सुरक्षाकवच समाजलाई हेर्छ । यसैले मानिस सामाजिक प्राणी हो र मानिस समाजभन्दा बाहिर जान सक्दैन र कसैले समाजविहीन बनाउन पनि सक्दैन । कसैले प्रयास गरे पनि समाजले हुन दिंदैन ।**

मानिस सबै जीवभन्दा चेतनशील प्राणी भएकोले मानिसको अधिकतम अधिकारको सवाल उठ्छ भने अधिकार सँगसँगै कर्तव्य पनि निर्वाह गर्नुपर्छ व्यक्तिबाट परिवार, परिवारबाट समाज अनि समाजबाट नै देशको निर्माण हुन्छ। समाजमा सबैको अधिकार सुरक्षित रहोस्, कसैले कसैको अधिकारमा थिचोमिचो नगरोस् भनेर कानूनको निर्माण भएको हुन्छ । जुन मानव सभ्यतासँगै कानूनको विकास हुँदै आएको छ। प्राचीनकालमा मानवनिर्मित कानून नभए पनि प्राकृतिक कानूनको आधारमा मानिसको व्यवहार नियन्त्रण हुन्थ्यो भने अधिकारको संरक्षण हुन्थ्यो । पछि–पछि प्राकृतिक कानूनको आलोचना भई मानवनिर्मित कानूनहरू बन्न थाले । मानवनिर्मित कानूनले महत्त्वपूर्ण स्थान अगटे पनि आधुनिककालमा पनि प्राकृतिक कानूनको सिद्धान्तलाई कसैले हटाउन सकेको छैन । आज पनि मानवनिर्मित कानूनमा प्राकृतिक कानूनको सिद्धान्तको ठूलो महत्त्व छ।

आधुनिक कानूनको विकाससँगै मानव अधिकारको मानवतासम्बन्धी कानूनको तथा विधिशास्त्रको विकास भयो । मानवतासम्बन्धी कानूनले भन्छ मानवले मानवको हैसियतमा मर्यादित भएर बाँच्न पाउने अधिकार नै मानव अधिकार हो। जुन विश्वव्यापी हुन्छ । सबैले मान्यता दिनुपर्छ । संयुक्त राष्ट्रसङ्घको उदयदेखि तथा सन् १९४८ को मानव अधिकारको विश्वव्यापी घोषणापत्रलगायतका विभिन्न कन्भेन्सनबाट मानिसको अधिकारलाई सुरक्षित गरिएको छ। जसमा मानिसको पहिचान गाँस, बास, कपास, धर्म, संस्कृति, प्रथा, परम्परा, भाषालगायतका मौलिक पहिचानको पनि सवाल टड्कारोरूपमा उठ्न थाल्यो, जसको संरक्षण राज्यको जिम्मामा भयो। त्यही भएर लिखित संविधानको मौलिक हक शीर्षकमा यस्ता महत्त्वपूर्ण अधिकारलाई सुरक्षित गरिएको हुन्छ । चाहेर पनि सरकार वा विधायिकाले हरण गर्न पाउँदैन। विधिशास्त्री मान्यता हेर्‍यौं भने प्राकृतिक कानूनले धार्मिक मान्यता तथा दैवी कानूनलाई महत्त्व दिएको हुन्छ किनभने त्यसबाट मानिस सन्तुष्ट हुन्छ। ऐतिहासिक विधिशास्त्रको अनुसार कानून बनाउने होइन, कानून समाजमा तथा परम्पराको रूपमा पहिलादेखि नै छ । त्यसको खोजी गर्नुपर्छ। व्यवस्थित गर्नुपर्छ।

जर्मनीमा नेपोलियन कोड अफ कन्डक्ट लागू गर्नलाई थिबटलाई जिम्मेवारी दिंदा ऐतिहासिक विधिशास्त्रका जन्मदाता सेभिगनीले विरोध मात्र गरेनन् र ४१ वटा टेरिटोरीमा विभक्त जर्मनीको आआफ्नै मान्यता छ। आआफ्नै चाहना छ। सबैमा एउटा कानून किमार्थ लानुहुँदैन। सेभिगनीले आफ्नो वल्क जिस्ट थ्युरीमा त जनताको चाहना अनुसारको कानून हुनुपर्छ भने अर्थात् जनताले अपनाएको पथा परम्परा, धर्म, संस्कृति, मान्यता, पहिचान आदिलाई कानूनको स्रोतको रूपमा मानी कानून बनाउनुपर्छ भने सामाजिक विधिशास्त्री अगस्ट कमले त समाजले नै कानून बनाउँछ भने। समाजको चाहना अनुसारको कानून हुनुपर्छ कानून समाजको लागि बन्ने भएकोले समाजको चाहना एकातिर र कानुनको चाहना अर्कातिर राखेर हुँदैन । यसै कारणले कानूनको निर्माण गर्दा सरोकारवालासँग रायसल्लाह, परामर्श गरी उनीहरूको समेत चाहना अनुसार कानून बनाउनुपर्छ। जस्तै कुनै पेशाकर्मी वा व्यवसायीले आफ्नो पेशागत आचरणलाई व्यवस्थित गरी आन्तरिक आचारसंहिता बनाउँछ। जस अनुसार विधायिकाले कानून बनाइ मान्यता दिन्छ।

अहिलेसम्म हामीले सातवटा संविधानको अभ्यास गरे पनि २०४७ को संविधानबाट हामीले अधिकांश अधिकार उपभोग गर्दै आएका छौं। मौलिक हकमा अधिकार राज्यले दिने गरेको छ । अहिलेको सङ्घीय गणतन्त्रात्मक संविधानले धेरै हकको व्यवस्था गरेको छ । जसमा गाँस, वास, कपास पनि मौलिक हकमा पर्छ । हाम्रो समाजको अधिकार एकात्मक राज्यबाट संरक्षित नहुँदा हामीले अनेकौं बलिदान दिई सङ्घात्मक गणतन्त्र ल्याएका हौं, जसमा समाजको हरेक मौलिकता संरक्षित हुनै पर्छ। राज्यले चाहेर पनि कुनै समाजको एकता, पहिचान, भाषा, संस्कृति, धर्म, सद्भावलाई विलय गर्न सक्दैन । वासविहीन बनाउन सक्दैन। यस्तो भयो भने सङ्घीय व्यवस्थाको कुनै अर्थ रहँदैन।

अहिले सन्दर्भ छ बस्ती अधिग्रहणको। भूमि जहिले पनि राज्यको हुन्छ र राज्यले सामाजिक काम एवं विकासको लागि भूमि अधिग्रहण गर्न सक्छ, उचित मुआवजा दिएर। जग्गा अधिग्रहणसम्बन्धी कानूनले पनि मान्यता दिएको छ। जसको पालना सबैले गरेका छन् । विकासको लागि यो गर्नु पनि पर्छ । कसैले रोक्न हुँदैन तर विकासभन्दा पहिलो कुरा हो समाजको चाहना, उसको भाषा, संस्कृति, पहिचान, सामाजिक सद्भाव, एकता, गाँस, बास अनि कपास। जसको राज्यले संरक्षण गर्नुपर्छ । समाजको चाहना अनुसार व्यवस्थित गर्नुपर्छ। राज्यले भूमि वा बस्ती अधिग्रहण गर्दा समाजको उपरोक्त अधिकार एवं पहिचान ज्यूँका त्यू संरक्षण गर्नु राज्यको दायित्व हो । कुनै बस्ती अधिग्रहण गरियो र बस्तीका वासीलाई मुआवजा रकम मात्र दियो भने एउटा गाउँमा बसेका हजारौं परिवार नयाँ ठाउँमा वास बस्न बाध्य हुन्छन् । जुन उनीहरूको लागि नयाँ हुन्छ। त्यहाँको भाषा, संस्कृति, रहनसहन, सामाजिक सद्भाव, एकता, सहयोग, धार्मिक, सामाजिक, सांस्कृतिक कार्य–व्यवहारमा घुलमिल हुन गाह्रो हुन्छ । ऊ आफ्नो जन्म हुँदाको बखतमा पाएको मान्यता छोडी अरू भाषा, संस्कृतिमा आफूलाई विलीन गर्न बाध्य हुन्छ। आफूलाई एक्लो महसूस गर्छ। जसबाट उसको व्यक्तित्वको विकास पछि पर्छ । उक्त ठाउँमा ऊ एक्लैले आफ्नो भाषा, संस्कृतिको संरक्षण गर्न पनि सक्दैन। यसबाट राज्यले दिएको मुआवजाले एउटा व्यक्तिको आफ्नो पहिचानसमेत समाप्त हुन्छ। ऊ कहींको रहँदैन । मानिसको लागि आफ्नो आमाजस्तै प्यारो उसको जन्मभूमि हुन्छ। जसरी आमाको काखबाट बच्चालाई हटाउँदा जति कष्ट हुन्छ, त्यत्तिकै मानिसलाई आफ्नो जन्मभूमिबाट उसको सहमतिबेगर हटाउँदा पीडा हुन्छ । जुन पीडा आर्थिक सहयोगले पूर्ति हुने अवस्था हुँदैन । यसैले संविधानले नागरिकको बासको संरक्षण गरेको हुन्छ । कुनै व्यक्तिलाई बाहिरबाट कुनै किसिमको आपत्‌विपत् आयो भने ऊ आफ्नो बचाऊको लागि पहिलो सहारा समाजलाई बनाउँछ। कुनै अन्य गाउँका व्यक्तिसँग वा राज्यसँग कुनै विवाद भयो भने उसले आफ्नो सुरक्षाकवच समाजलाई हेर्छ । यसैले मानिस सामाजिक प्राणी हो र मानिस समाजभन्दा बाहिर जान सक्दैन र कसैले समाजविहीन बनाउन पनि सक्दैन। कसैले प्रयास गरे पनि समाजले हुन दिंदैन ।

तर विडम्बना भनौं हामीकहाँ जुन बेला पनि राज्यले सिङ्गो गाउँलाई नै अधिग्रहण गरी केही आर्थिक सहयोग गरी समाजलाई बासविहीन बनाउने गरेको छ । यस्तो निर्णय गर्दा उक्त गाउँबस्तीका नागरिकसँग एकपटक पनि सल्लाह गरिएको हुँदैन। उक्त समाजलाई अधिकारको चेतना नभएर विरोध पनि गर्दैन। पीडा सहेर भएपनि निर्णय मान्छ। उक्त समाजका अगुवाहरू पनि त्यसतर्फ ध्यान दिंदैनन्। जसले एउटा सिङ्गो गाउँले आफ्नो पहिचान, शक्ति, मौलिकता मात्र गुमाउँदैन, बासविहीन एवं शक्तिहीन पनि हुन्छ । राज्यले दिएको मुआवजा अपुग भएपछि घरविहीन हुन पुग्छ ।

वीरगंज महानगर अन्तर्गतको कुनै बस्ती अधिग्रहण गरियो, जसमा कुनै गरीबको बास आधा धुर जग्गामा मात्र छ। राज्यले प्रतिधुर तीन लाख रुपैयाँको दरले मुआवजा दियो भने उसले पाउने डेढ लाख रुपैयाँ मात्र हो । जुन डेढ लाखले उसले न घडेरी किन्न सक्छ, न घर नै बनाउन सक्छ । पैसा बिस्तारै खर्च भएर जान्छ। अनि ऊ बासविहीन हुन्छ । राज्यको कारणबाट कोही बासविहीन हुनु कम दुर्भाग्यपूर्ण होइन। हजारौं गाउँले दाजुभाइ, दिदीबहिनीसँग बसेको एउटा परिवार अन्य कुनै नयाँ समाजमा गएर बस्यो भने उसले पहिलाको समाजबाट पाएको शक्ति, प्रतिष्ठा त्यहाँ पाउन सक्दैन । ऊ शक्तिहीन भएर बाध्यतावश आफ्नो जीवन मात्र बिताउँछ, जसलाई मर्यादित मान्न सकिंदैन । जुन मानव अधिकारको विरुद्ध हो । यसर्थ पूरा बस्तीलाई विस्थापित गर्दा मानिस एवं समाजको प्रायः सबै प्रजातान्त्रिक अधिकार समाप्त हुने निश्चित भएपनि हामीले विकास कार्य पनि रोक्नुहुँदैन । किनभने विकास पनि त्यही जनताको लागि हो । यसर्थ राज्यले विकाससँगै जनताको सबै अधिकारको पनि संरक्षणको ख्याल गर्नै पर्छ । जस्तै गाउँबस्ती अधिग्रहण गर्दा ती घरहरूको मुआवजा रकममा नदिई सबैको एकै ठाउँमा वासको व्यवस्था हुने गरी घडेरी उपलब्ध गराउँदा उचित हुन्छ। जसबाट सबैजना एकै ठाउँमा पहिला जस्तै बसी आफ्नो सम्पूर्ण अधिकारको संरक्षण गर्न पाउँछन् भने कसैले बासविहीनताको पीडा भोग्न पाउँदैन। मुआवजा दर कम भयो भनेर विरोध पनि हुँदैन। विकास कार्य पनि सुचारु हुन्छ । विकासको लागि बस्तीका जनताको बलिदान पनि इतिहासमा दर्ज हुन्छ।

# कक्षा १० को एसइई जेठ १३ र कक्षा १२ को परीक्षा जेठ २६ देखि

भक्तपुर, २५ फागुन/रासस

विसं २०७७ को कक्षा १० को माध्यमिक शिक्षा परीक्षा (एसइई) २०७८ जेठ १३ देखि सञ्चालन हुने भएको छ।

राष्ट्रिय परीक्षा बोर्डको आजको बैठकले एसइई परीक्षा सञ्चालनको मिति निर्धारण गर्दै जेठ १३ देखि २४ गतेसम्म परीक्षा सञ्चालन गर्ने निर्णय गरिएको परीक्षा नियन्त्रण कार्यालय, कक्षा १० का परीक्षा नियन्त्रक रामराज खकुरेलले जानकारी दिए ।

यसअघि गत माघ २६ गते मन्त्रिपरिषद्ले गरेको निर्णयको आधारमा साबिककै शैलीमा परीक्षा गर्ने गरी निर्णय गरिएको छ। बोर्डले परीक्षा मिति तय गरेसँगै प्रश्नपत्र निर्माण र परीक्षा केन्द्र निर्धारणको काम द्रुत गतिमा अघि बढाइने भएको छ ।

कतिपय जिल्लाले परीक्षा केन्द्र निर्धारण गरिसकेको र कतिपय जिल्लामा जारी रहेको बताइएको छ। कोभिड–१९ का कारण पठनपाठन नभएपछि यस वर्ष परीक्षा दुई महीना ढिलो हुने भएको हो। विगतका वर्षमा परीक्षा चैतमा हुँदै आएको थियो ।

बोर्डले कक्षा १२ को अन्तिम परीक्षा जेठको २६ देखि असार ४ गतेसम्म गर्ने निर्णय गरेको जानकारी दिएको छ।

## आवश्यकता आविष्कारको जननी हो, चिन्ता किन लिने ?

पाठक प्रतिक्रिया

२४ गते प्रतीकमा कुमार रूपाखेतीको लेख 'पानी रे पानी तेरा रङ कैसा ?' पढें। लेखहरूमा पाठकको सबभन्दा पहिले त्यसमा लेखिएका मोटा अक्षरहरूमा नै पर्छ । प्रतीकले यसमा खेद व्यक्त गर्नुपर्ने देखिन्छ किनभने ती शब्द लेखकको कुनै पूर्वलेखको पर्‍यो । अब आउनुस् लेखको कुरामा। श्रीसिया नदीको अर्थ हो श्रीसीता नदी । अब यो जीवित रहेन, मर्‍यो । अतः म यसको नाम 'मरीसिया' राख्न चाहन्छु। दिल्लीमा एउटा नजफगढ नाला छ । श्रीसिया वीरगंजको त्यही नजफगढ नाला हो । संसारका सबै शहर र गाउँ नदी किनारमा विकसित हुनुको कारण हो, पानीको सहज उपलब्धि ।

कुनै बेला नदीको पानी पिउन र अरू काममा प्रयोग हुन्थ्यो । अहिलेजस्तो प्युरीफिकेशन आवश्यक थिएन। तर हाम्रो पालासम्म मधेसमा नदीको पानी खानु कल्पनाबाहिरको कुरा हो। जब म पहाड पुगें, त्यहाँका मानिसले निर्धक्क खोलाको पानी खाएको देखेर छक्क मात्र परिनँ, आफैं पनि खाएँ। ढुङ्गा–बालुवाबाट कलकल बग्ने पानी त यहाँको प्युरीफाइड पानीभन्दा पनि मीठो, शीतल र स्वास्थ्यवर्द्धक पो रहेछ। समतल मैदानमा पनि गङ्गाको पानी निर्मल नै थियो। आधुनिक अप्राकृतिक विकास र शहरको फोहोरले गर्दा त्यही पानी गाईवस्तुसमेतले पिउन लायक रहेन। सुविधा र घरघर पाइप पुर्‍याउने नाममा नदीको प्राकृतिक बहाव परिवर्तन गर्नुपर्‍यो जसले ढुङ्गेधारामा पानी आउन बन्द भयो।

इनारहरू जुत्ता–चप्पल मिल्काउने थलो बने । पोखरी मासेर कङ्क्रिटका घर बनाइयो । चुरे मासेर भूजल रित्याइयो । यस्तो अन्धाधुन्ध र अप्राकृतिक विकास रोकिएन भने मानिसले कुन हविगत बेहोर्नुपर्ला ? सुन्छु २१औं शताब्दीको अन्तसम्म यातायातको माध्यम हवाईजहाज मात्र हुनेछ । काई र शैवाल खाइनेछ । पिउने के, थाहा छैन। सुन्छु समुद्रको पानी खाने लायक पारिनेछ । तर त्यो पानी घरघरमा पाइपबाट कसरी पुर्‍याइनेछ, मेरो समझभन्दा बाहिरको कुरा हो । प्रश्न यो पनि उठ्छ कि त्यसपछि ? त्यसपछि नदीनालाजस्तै समुद्र पनि सुक्नेछ । पृथ्वीको अवस्था चन्द्रमा र मङ्गलजस्तै हुनेछ। त्यति किन सोच्ने ? अहिले मेलम्चीको पानीमा उत्सव मनाउने बेला छ। त्यसले पुगेन भने अर्को खेलम्ची–सेलम्ची ल्याइएला।

**डा शिवशङ्कर यादव**, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# भान्से साहः 'कर्जन्हादेखि लन्डनसम्म'

सिबी अधिकारी/रासस

सिराहाको कर्जन्हामा एक सामान्य परिवारमा जन्मिएका सेफ सन्तोष साहलाई थाहा थिएन कमजोर मान्छेले यति ठूलो सफलता हात पार्छ भनेर । एक भान्सेले सफलताको यो शिखर चुम्छ भन्ने के थाहा ? उनी तिनै नेपाली भान्से हुन्, जसले बेलायतको चर्चित प्रसारण संस्थाद्वारा प्रवर्द्धित 'बिबिसी मास्टर सेफ प्रोफेशनल्स युके'को उपविजेता बने । विश्वभर सेफ साहको चर्चा चुलिएको छ। प्रतियोगितामा पाककलामा उत्कृष्ट प्रदर्शन गर्दै साह चर्चित बने । उनले नेपालको मौलिक खानाको परिकारलाई विश्वमाझ पस्केर नेपाल र नेपालीको शान र गरिमालाई उँचो बनाउन भूमिका खेले ।

संसारभरका १०१ प्रतिस्पर्धीले भाग लिएको प्रतियोगिताको 'ग्रान्ड फिनाले'सम्म पुग्ने अन्तिम तीनमा साह पनि थिए । ग्रान्ड फिनाले एपिसोडमा नेपाली ढाकाटोपीमा देखिएका साह दोस्रो बने। उनले अन्तिम प्रस्तुतिमा नेपालको राष्ट्रिय झन्डा प्रदर्शन गरेर नेपाली प्रशंसा बटुलेका थिए। चार महीना चार दिन अवधिको शोमा साहले शुरूदेखि अन्तिमसम्म निर्णायकको मन जित्न सफल भए। प्रतियोगिता अवधिभरका सबै खानाका परिकार आकर्षक भएकाले सफलता मिलेको साहको भनाइ छ।

विश्वचर्चित सञ्चारमाध्यमले साहलाई 'सेलीब्रेटी' बनायो । विश्व बजारमा नेपाली खानाको प्रवर्द्धन गर्ने योजना बनाएका साहले खाद्य गुणस्तर अभिवृद्धिबारे सचेतना फैलाउन लागिपर्ने बताए। उनले बेलायतमा छिट्टै रेस्टुरेन्ट सञ्चालन गर्ने र नेपालमा पनि खोल्ने योजना बनाएका छन्। साह भन्छन्, "जति उपलब्धि छ, त्यसैमा खुशी हुन सिक्नुपर्छ। जब म प्लास्टिकको झोला र पाउरोटी बेच्थें, त्यति बेला पनि खुशी थिएँ, अहिले यो सफलतामा पनि खुशी नै छु ।" उनी आफ्नी आमा सुमारीदेवीलाई भेट्न आइतवार 'मदर्स डे'मा जन्मघर कर्जन्हा जाँदैछन्। उनी नेपालका धनगढी, जनकपुरलगायत शहरमा प्रेरणास्पद प्रवचन दिन पनि जाने कार्यक्रम छ।

उनले 'फूड इन हाइजिन'लाई ध्यान दिएर विदेशी पर्यटकका लागि गुणस्तरीय सेवा प्रदान गर्न सके नेपालको लागि बेच्नेदेखि पाउरोटी किनेर बेचेको पनि उनीसँग अनुभव छ। नेपालमा कक्षा १० सम्म अध्ययन गरेका ३५ वर्षीय साह



नेपाल पर्यटन बोर्डको तर्फबाट काठमाडौंमा हालै आयोजित एक कार्यक्रममा सम्मान ग्रहण गर्दै बिबिसी मास्टर सेफ सन्तोष साह। तस्वीरः रासस

फाइदा पुग्ने बताए। देशभित्र भान्से र खानाले महत्त्व नपाएका अवस्थामा यस क्षेत्रमा पनि केही गरौं भन्ने उद्देश्यका साथ सङ्घर्षको यात्रा शुरू गरिएको साहले बताए । उनले सेफकै लागि १० वर्ष भारतमा काम गरेको भएपनि नेपालको खाना र पहिचानका लागि केही गरौं भनेर दिलैदेखि सोच आएकाले अहिलेको सफलता मिलेको बताए।

**साहको सङ्घर्ष**

कर्जन्हा-४ को सामान्य किसान परिवारका पाँच दाजुभाइ र दुई दिदीबहिनी गरी सातमध्ये सबैभन्दा कान्छा उनी कर्जन्हादेखि लन्डनसम्मको सङ्घर्ष र सफलताको जीवनयात्रामा अनेकन आयाम छन्। साहकै भाषामा, "म जस्तो भान्सेले यत्तिको सफलता पाउँछ भन्ने सोचेकै थिइनँ। तर अदम्य साहस र निरन्तरताको लगावले मलाई सफलतातिर डोऱ्यायो ।" उनका दाजुभाइमध्ये केही नेपालका बर्दिबास, सिन्धुली र डुम्रे तथा अमेरिकामा होटेल र अन्य व्यापार-व्यवसायमा संलग्न छन्।

पाँच वर्षको उमेरमैं बुबा सीताराम सुडीको साथ गुमाएका साहले १० वर्षको उमेरदेखि काम गर्न थालेका थिए । सिराहा बजारमा प्लास्टिकको झोला एसएलसी उत्तीर्ण गर्न नसकेपछि कामको खोजीमा सन् २००० मा १५ वर्षको उमेरमैं भारतको गुजरात पुगे । उनले अहमदाबादको एक रेस्टुरेन्टमा भाडा माझ्ने काम शुरू गरे । एकपछि अर्को होटलमा काम गरेर नयाँ अनुभव उनले सम्हाले। कामकै सिलसिलामा पकाउन सिके, अनि अङ्ग्रेजी भाषाको ज्ञान लिए। पछि होटल व्यवस्थापनमा डिप्लोमा गरेर सात वर्षमैं उनी एक पाँचतारे होटलको सेफ बने।

सेफ साहले भारतमा खानेकुरा महोत्सवसमेत आयोजना गरे। महोत्सवले साहबारे प्रशंसा बढ्यो। लगत्तै बेलायतबाट एक गुजराती व्यवसायीका सहयोगीले साहलाई बेलायतमा रहेर काम गर्ने प्रस्ताव राखे। उनी सन् २०१० मा बेलायत गए र एक रेस्टुरेन्टमा काम गरे। बेलायतकै ललित होटल र भारतको बनारसमा समेत उनले काम गरे । दुःख, सङ्घर्ष र सफलताले साहको जीवन बदलिएको छ।

**गुजरातदेखि लण्डनसम्म**

साहले भारतको लायन हिल्स रिसोर्टमा १६ महीना काम गरे। शुरूमा पाँच महीना भाँडा धुने काम गरे, त्यसपछि सेफ बन्ने अवसर पाए। सोही समयमा उनले तन्दुरीको काम सिके । अर्को रेस्टुरेन्टमा काम गर्ने अवसर उनलाई मिल्यो। कामका दौरानमैं साहले भारतको चेन्नईबाट अङ्ग्रेजी भाषा र कम्प्युटर कोर्ष गरे। भारतमा अनुभव बटुलेपछि बेलायतको राजधानी लन्डन पुग्ने अवसर उनलाई जुट्यो। लन्डनमा 'दि स्पाइसी अफेयर्स' रेस्टुरेन्टमा सेफका रूपमा उनले काम गरे । एक वर्षका अवधिमा अरू दुई रेस्टुरेन्ट परिवर्तन गरे । बनारस भन्ने रेस्टुरेन्टमा तीन वर्ष काम गरे । हाल उनी 'सिनामन ग्रुप' अन्तर्गतको रेस्टुरेन्टमा काम गर्छन् । लन्डनमा साततारे होटलभन्दा रेस्टुरेन्टको सेफको 'भ्यालु' हुन्छ।

साह पाँच भाषामा आफ्नो कामको अनुभव समेटी पुस्तक प्रकाशन गर्दैछन्। पेन्गुइन पब्लिकेशनले साहको 'कूक बूक' पुस्तक प्रकाशन गर्नेछ। उनले खानाको विश्वव्यापी मार्गचित्र बनाइएको जनाउँदै लन्डनबाटै प्रवचन शुरू गरिने जानकारी दिए । सरसफाइ र स्वच्छतालाई अभियानकै रूपमा नेपाल अघि बढे सफलतामा पुग्न सकिन्छ भन्ने उनको ठम्याइ छ।

अन्तिम प्रतिस्पर्धामा भान्से साहले राँगाका मासु, खोले साग, भेंडाको गिदीलगायत परिकार पकाएर चरेसको थालमा पस्किएका थिए। खानासँगै उनले नेवारी समुदायमा सगुनका रूपमा प्रचलित 'ऐला' पनि 'सर्भ' गरेका थिए।

बिबिसी मास्टर सेफमा नेपाली खानासहित भाग लिने पहिलो सेफ साहको फाइनलसम्मको यात्रा प्रभावशाली रह्यो, जसले उनलाई विश्वस्तरमा प्रतिष्ठित बनायो। सिस्नुको तरकारी, बेथेको साग, योमरी, गुन्द्रुक, मकैको रोटी, भाङको अचारलगायत दर्जनौं मौलिक नेपाली परिकार विश्वभरका दर्शकमाझ पस्किएका साह देशविदेशका लाखौं नेपालीको मन जित्न सफल भएका छन्। "म साधारण खाना बनाउँछु, नेपालीहरू अति नै साधारण हुन्छन्, नेपालीपन नेपाली मनका साथ मौलिक खानाको परिकारको प्रस्तुतिले मेरो सफलता मिलेको हो," नेपाली भान्से साहले भने । उनको विचारमा नेपालीको विशेषता नै सरलीकृत जीवनशैली हो र आतिथ्यका क्षेत्रमा नेपालीले मात्रै विश्वलाई जित्न सक्छ।

# सहयोगको पर्खाइमा छटपटिंदै शिवरति

प्रस, परवानीपुर, २५ फागुन/

पर्सामा दलित समुदायकी एक किशोरीको उपचारमा आर्थिक समस्या देखिएको छ।

पर्सा, सखुवाप्रसौनी गाउँपालिका वडा नं ३ कौवावनकटैयाका जयलाल रामकी १६ वर्षिया छोरी शिवरति रामको उपचारमा समस्या भएको हो । विगत एक महीनादेखि उनलाई चम्की ज्वरो नामक रोगले सताएको छ। मामाघर, पोखरिया नगरपालिकाको सिसियाडी बैरियामा एक महीनाअघि बसिरहेको अवस्थामा उनलाई दैनिक ज्वरो लाग्न थालेपछि उनको उपचार शुरू गरिएको थियो। शुरूमा स्थानीय औषधिपसल तथा स्वास्थ्य संस्थाबाट उपचार गराउँदा पनि निको नभएको शिवरतिका बुबा जयलालको भनाइ छ।

त्यसपछि रक्सौलको डङ्कनमा लगेर उपचार गराउँदा पनि करीब २० दिनको बसाइमा ३ लाख २० हजार नेपाली रुपैयाँ

(बाँकी अन्तिम पातामा)




अस्पतालमा भर्ना भएकी शिवरति राम

# ८३ प्रतिशत जनताका पहुँचमा इन्टरनेट सेवा

काठमाडौं, २५ फागुन/रासस

नेपालमा दुई करोड ४७ लाख ३५ हजार जनसङ्ख्याका पहुँचमा इन्टरनेट सेवाको पहुँच पुगेको छ।

प्रतीकात्मक तस्वीरः सौजन्य



नेपाल दूरसञ्चार प्राधिकरणले हालै सार्वजनिक गरेको चालू आर्थिक वर्षको ६ महीनाको तथ्याङ्क अनुसार मङ्सिर मसान्तको तुलनामा पुस महीनामा तीन लाख ८८ हजार बढी प्रयोगकर्ता थपिएका छन्।

मङ्सिरमा कुल २ करोड ४३ लाख ४७ हजार १५७ जनाको पहुँचमा इन्टरनेट सेवा थियो।

कुल जनसङ्ख्यामध्ये ८२ दशमलव ७९ प्रतिशत जनताका पहुँचमा इन्टरनेट सेवा पुगेको तथ्याङ्कमा उल्लेख छ । प्राधिकरणले जनसङ्ख्या प्रक्षेपण (२०११-२०३०)लाई आधार मानेर प्रतिवेदन तयार पारेको हो । प्रतिवेदनमा प्राधिकरणले नेपालको कुल जनसङ्ख्या दुई करोड ९८ लाख ७६ हजार ५३१ लाई आधार बनाएको छ।

प्राधिकरणको तथ्याङ्क अनुसार सबैभन्दा धेरै योगदान मोबाइल इन्टरनेटको रहेको छ।

गत पुससम्म मोबाइल इन्टरनेटको हिस्सा ६० दशमलव ३४ प्रतिशत छ। एक करोड १२ लाख बढीको पहुँचमा थ्रिजी इन्टरनेट पुगेको र यसमा सबैभन्दा धेरै नेपाल टेलिकमको ८६ लाख ३४ हजार र एनसेलको २५ लाख ६६ हजार रहेको जनाइएको छ । त्यस्तै फोरजी प्रयोगकर्ता ६६ लाख ८९ हजार १०३ र ईभिडियो प्रयोगकर्ता १ लाख ३६ हजार पाँच सय ७३ रहेका छन्।

प्राधिकरणको तथ्याङ्क अनुसार फोरजीको प्रयोगकर्तामध्ये सबैभन्दा धेरै एनसेलका रहेका छन् । गत पुस मसान्तसम्म एनसेलका फोरजी प्रयोगकर्ता ४० लाख ८६ हजार १३९ रहेका छन्। नेपाल टेलिकमका फोरजी प्रयोगकर्ता २३ लाख ८३ हजार २५६ र स्मार्ट टेलिकमका २ लाख १९ हजार रहेका छन्। यस्तै, फिक्स ब्रोडब्यान्डको हिस्सा २१ दशमलव ६८ प्रतिशत छ।

यसमा एडिएसएलका ८ लाख ६४ हजार र एफटिटिएच इन्टरनेट ५६ लाख ११ हजार रहेका छन्।

# बर्दिवासमा भूमाफियाको जगजगी

महोत्तरी, २५ फागुन/रासस

महोत्तरीको बर्दिवास नगर क्षेत्रमा सरकारले सुकुमबासी र अव्यवस्थित बसोबासी जग्गा व्यवस्थित गर्न थालेपछि भूमाफियाहरूको जगजगी बढेको छ । सरकारले बर्दिवास नगरपालिकासँगको सहकार्यमा वर्षौंदेखि पर्ती र ऐलानी जग्गामा घर बनाएर बसेका सुकुमबासी र अव्यवस्थित बसोबासीको लगत सङ्कलन गरेर जग्गाधनी प्रमाणपुर्जा दिने तयारी थालेपछि यहाँ भूमाफियाको जगजगी ह्वात्तै बढेको हो।

नगरका वडा बस्तीमा सुकुमबासी र अव्यवस्थित बसोबासीको लगत सङ्कलन थालिएसँगै भूमाफियाले नदीउकास, पर्ती, ऐलानी र वन क्षेत्रका जग्गामा समेत साँध सीमा लगाएर जग्गा कब्जा गर्दैछन्। यसरी कब्जा गर्ने क्रम नदीउकास जग्गा र वन क्षेत्रमा बढी देखिएको बर्दिवास-१ का सामाजिक, राजनीतिक कार्यकर्ता शङ्कर फुयाँल बताउँछन्।

"हेर्नोस् न, रातु पुलदेखि दक्षिण-पश्चिमको नदीउकास जग्गामा साँध सीमाका पिलर (खाँबा) ठडिएका छन्, नेवारडाँडा, कामीडाँडा वन क्षेत्रको जग्गामा धमाधम घर ठडिने क्रम बढेको छ," फुयाँलले भने, "सरकारले सुकुमबासी र वर्षौंदेखि भोगचलन गर्दै आएका गरीबलाई व्यवस्थित गरिने भन्दै लगत सङ्कलनको काम थालेसँगै अतिक्रमण ह्वात्तै बढेको छ ।" नगरपालिका र सरकारले गठन गरेको भूमि समस्या समाधान आयोगले भूमाफियाको चलखेल रोक्न केही गर्दैछ भन्ने नदेखिएको फुयाँलको थप गुनासो छ।

"अन्तको कुरा छाड्नोस् न, बर्दिवास-१ र ३ मा पर्ने नेवारडाँडा कामीडाँडा वन क्षेत्रकै अतिक्रमित १६ बिघे कित्ताभित्र हेर्नोस्, पार्टीका ठूलाबडा नेता, उपल्लो तहका हाकिम र ठाटबाँट देखाउने व्यापारीले कब्जा गरेर मोटो रकम लिंदै सोझासाझालाई फसाउँदैछन्," फुयाँलले भने, "वन क्षेत्र अतिक्रमण गर्न गराउन वनसम्बद्ध अधिकारी, पूर्वहाकिम र राजनीतिक दलका ठूलाबडा नै छन्।"

जम्मा १४ वडामा विभाजित बर्दिवास नगरपालिका जिल्लाको मुख्य वन क्षेत्र ओगट्ने नगर भएपनि वन क्षेत्रको सुरक्षामा नगर नेतृत्वको चासो नदेखिएको यहाँका सर्वसाधारणसमेत टिप्पणी गर्छन्। "जिल्लामा ७० जति सामुदायिक वन क्षेत्र, धार्मिक वन क्षेत्र र सागरनाथ वन विकास परियोजनाका प्लट अतिक्रमित भएका छन्," बर्दिवास-२ का बासिन्दा स्थानीय सामाजिक, राजनीतिक कार्यकर्ता देवनारायण महतो भन्छन्, "तर वनसम्बद्ध कार्यालय होऊन् कि स्थानीय तहको नेतृत्व होस्, कानमा तेल हालेर बसेको देखिन्छ।" जिल्लामा सामुदायिक, साझेदारी, धार्मिक र सागरनाथ वन विकास परियोजनाको समेत गरी करीब २४ हजार हेक्टर क्षेत्रफलको वन क्षेत्र अहिले अतिक्रमणको चपेटाले १६ हजार हेक्टरभन्दा तल खुम्चिएको महतो बताउँछन्।

जिल्लामा बर्दिवास र गौशाला नगरपालिका पूर्व-पश्चिम राजमार्गसँग जोडिएको क्षेत्रको दायाँबायाँ मुख्य वन क्षेत्र छ । चुरेडाँडासम्मको वन क्षेत्रका जग्गा अतिक्रमणको चपेटामा परेका छन्। यसबाहेक नदीले बहाव छाडेको उकासक्षेत्र भूमाफियाको चपेटामा परेको बर्दिवास-१४ का बासिन्दा ६० वर्षीय हरि दाहालको भनाइ छ।

बर्दिवास नगर क्षेत्रमा पर्ती, ऐलानी, नदीउकास र वन क्षेत्रको जग्गामा अतिक्रमण बढेको गुनासो बढेपछि बर्दिवास नगर कार्यपालिकाले यस्ता जग्गाको संरक्षणबारे चासो बढाएको जनाएको छ।


नगरप्रमुख विदुरकुमार कार्कीले एक महीनाअघि गत माघ २५ गतेको नगर कार्यपालिकाको निर्णयले वन क्षेत्रको सुरक्षाका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने र पर्ती, ऐलानी र नदीउकास जग्गा छुट्याएर सार्वजनिक सरोकारमा उपयोग गरिने गरी नापी गर्ने निर्णय भएको जानकारी दिए।

"वन क्षेत्रको जग्गा अतिक्रमण भएका सूचना र गुनासा बढेका छन्, वनसम्बद्ध निकायसँगको समन्वयमा तिनको खोजी गरिनेछ," नगरप्रमुख कार्कीले भने, "जनताले यसअघि घरबास नगरेका र खनजोत नगरेका पर्ती, ऐलानी र नदीउकास जग्गा अब नापी गरिनेछ।" नगर कार्यपालिकाले वडापिच्छे चौहद्दी नै तोकेर यस्ता जग्गामा हुने दक्खल सह्य नहुने र कारबाईबाट जग्गा खाली गराइने निर्णय गरेको नगरप्रमुख कार्कीको भनाइ छ।

"नगर क्षेत्रभित्र ५०० बिघाभन्दा बढी यस्ता जग्गा छन्, सबैको वैज्ञानिक लगत अभिलेख बनाएर सरकारी कार्यालय, विद्यालय तथा अन्य सामाजिक सङ्घसंस्थाका कार्यालय बनाउन जग्गा उपलब्ध गराइने नीति बनाइएको छ," नगरप्रमुख कार्कीले भने, "हामी सुकुमबासी र अव्यवस्थित बसोबासीको जग्गा स्वामित्व दिन लागिपरेका छौं तर यो क्रममा भूमाफियाको चलखेल नियन्त्रण गरिनेछ।"

बर्दिबास अहिले प्रदेश नं २ को विभिन्न प्रशासनिक कार्यालय, सरकारी कार्यालय, शैक्षिक सङ्घसंस्था र स्वास्थ्य सेवाको मुख्य ठाउँ बन्दै गएको छ । यस्ता कार्यका लागि सार्वजनिक जग्गा उपयोगमा ल्याइने नगरप्रमुख कार्कीको भनाइ छ।

नगरपालिकाले सार्वजनिक जग्गाबारे संरक्षण र उपयोगको चासो बढाएपछि यहाँ अब यस्ता जग्गाको खोजी र संरक्षण हुने आस भने पलाएको छ । नगरपालिकाले संस्थागत निर्णय नै गरेर यसबारे चासो देखाएपछि अब भूमाफियाको चलखेल रोकिने आस पलाएको बर्दिवास-२ का बासिन्दा तारानाथ आचार्यको भनाइ छ।



मुगु जिल्लामा रहेको नेपालीको सबैभन्दा ठूलो ताल रारा ताल। समुद्री सतहबाट करिब २९९० मिटर उचाइँमा रहेको रारा तालको क्षेत्रफल १०.८ वर्ग किमि, लम्बाइ ५ किमि, र चौडाई ३ किमि रहेको छ। तस्वीर : रासस

# जडीबुटीद्वारा स्वास्थ्य संरक्षण

**२) अपामार्ग (एकिरेन्थिस रग्स्पेरा)**

**अपां दोषान् मार्जयति संशोधयति इति अपामार्गः ।**

अर्थात् जसले दोषलाई संशोधन गर्छ, त्यसलाई अपामार्ग भनिन्छ। वर्षासँगै यो अङ्कुरित हुन्छ, ऋतुको अन्त्यसम्म बढ्छ तथा शीत ऋतुमा पुष्प फलले शोभित हुन्छ । ग्रीष्म ऋतुको गर्मीमा परिपक्व भएर फलसँगै क्षुप पनि शुष्क हुन्छ । यसको पुष्प हरियो गुलाबी आभायुक्त तथा बीउ चामल सदृश हुन्छ, जसलाई ताण्डुल भनिन्छ ।

शरद ऋतुको अन्त्यमा पञ्चाङ्ग सङ्ग्रह गरेर छायामा सुकाएर बन्द पात्रमा राखिन्छ। बीउ तथा मूलको बोट सुकेपछि सङ्ग्रहित गरिन्छ । यसलाई एक वर्षसम्म प्रयुक्त गर्न सकिन्छ ।

अपामार्ग मूलतः मानस रोगको लागि मुख मार्गबाट प्रयुक्त हुन्छ तर बाह्य प्रयोगको रूपमा यसको चूर्ण मात्र सुघ्नाले आधा शिरको दुखाइ, बेहोसी, मिर्गीमा आराम हुन्छ। नेत्ररोगमा यसको अञ्जन लगाइन्छ एवं कर्णाशूमा अपामार्ग क्षारसिद्ध तेल ।

चर्म रोगमा यसको मूललाई पिसेर प्रयुक्त गरिन्छ । यसको पत्रको स्वरस दाँतको दुखाइमा लाभ गर्छ तथा पुरानो क्याभिटीलाई भर्नमा मदत गर्छ। व्रण विशेषगरी दूषित व्रणमा यसको स्वरस मलमको रूपमा लगाइन्छ ।

यसको बाह्य प्रयोग विशेषरूपले विषालु जनावरले टोकेको ठाउँमा लगाइन्छ। कुकुरको टोकाइ तथा सर्पदंश, बिच्छीदंश एवं अन्य विषालु कीराले टोकेको ठाउँमा ताजा स्वरस तुरुन्त लगाउँद विष उत्रिन्छ। यो घरेलु ग्रामीण उपचारको रूपमा प्रयुक्त एउटा सिद्ध प्रयोग हो । टोकेको स्थानमा पातलाई पिसेर त्यसको लेदो बाँध्नुपर्छ । व्रण दूषित हुँदैन तथा विषको संस्थानिक प्रभाव पनि हुँदैन । बर्र आदि टोकेपछि अपामार्गलाई कुटेर पिसेर त्यसको लेदोको लेप गर्दा सुन्निंदैन । शोथ–वेदनायुक्त विकारमा यसको लेप लगाइन्छ अथवा पुल्टिस बनाएर सेकिन्छ। वेदना मेटिन्छ र बिस्तारै–बिस्तारै सुन्निएको उत्रिन्छ।

**जीवेम शरदः शतम्**

**आयुर्वेद मतानुसार यो लेपको लागि उत्तम वस्तु हो । यसको गुदीलाई पेटमा बाँधेपछि पेटभित्रको गाँठो गल्छ, कडा पेट मुलायम हुन्छ। तथा आन्द्रामा जमेको मल बाहिर निस्किन्छ ।**

**(२) घृतकुमारी (एलोवेरा)**

घ्यूसमान पिच्छिल पीत मज्जा भएकोले यसलाई घृतकुमारिका अथवा घीकुँआर भनिन्छ। यसको क्षुप बहुवर्षायु ३० देखि ६० सेन्टिमिटर अग्लो हुन्छ । पात मांसल, भालाकार, एकदेखि दुई फिट लामो, ३–४ इन्च चौडा, अग्रभागमा तीक्ष्ण, गुदादार–बाहिरबाट चम्किलो हरियो रङ्गको हुन्छ पातको चौडा भाग केही मोडिएको–काँडायुक्त हुन्छ । पात बढ्ने र क्षुप केही पुरानो भएपछि पत्रको बीचबाट एउटा मूसल निस्किन्छ जसमा रक्ताभ पुष्प निस्किन्छ । कहिलेकाहीं एकदेखि सवा इन्च लामो फल पनि शीत ऋतुमा निस्किन्छ । घ्यूकुमारीलाई मुखमार्गबाट प्रयुक्त गर्दा निकै तीतो हुन्छ। सामान्यतया खेत वा जङ्गलमा पाइने केही मिठासले भरिएको गुदा हुन्छ तथा बाह्य प्रयोग पनि गर्न सकिन्छ ।





आयुर्वेद मतानुसार यो लेपको लागि उत्तम वस्तु हो। यसको गुदीलाई पेटमा बाँधेपछि पेटभित्रको गाँठो गल्छ, कडा पेट मुलायम हुन्छ। तथा आन्द्रामा जमेको मल बाहिर निस्किन्छ। श्री नादकर्णीले आफ्नो पुस्तक मटेरिया मैडिकामा ऐलोवेराको बाह्य उपयोगको बारेमा प्रशंसा गरेका छन्। उनले लेखेका छन्, घ्यूकुमारीको गुदा व्रणलाई भर्नको लागि सबैभन्दा उपयुक्त औषधि हो। विशेषगरी अमेरिकामा रेडिएशनको कारण भएको असाध्य व्रणमा यसको प्रयोगबाट असाधारण सफलता पाइएको थियो ।

श्री दस्तूरका अनुसार घ्यूकुमारीको पुल्टिस अर्बुद 'सिस्ट' सुजन दाह तथा आधा पाकेको व्रणमा अत्यधिक लाभ पुऱ्याउँछ । युनानी औषधि विज्ञानमा यसलाई सिब्र मुसब्बर नामले जानिन्छ र यसलाई अनेकौं बाह्य प्रयोगबारे वर्णन युनानी र तिब्बी चिकित्सा पद्धतिमा भेटिन्छ । यस औषधिमा एलोइन, आइसोबारबेलिन, इमोडिन, क्राइसोफेनिक अम्ल आदि अनेकौं रसायन पाइन्छन् । यसका सबै घटक तथा एन्जाइम्स (आक्सिडेस र केटेलेस) घाउ निको गर्न तथा स्थानीय प्रयोगमा सहायक हुन्छ ।

आधुनिक भेषजमा पनि घ्यूकुमारीको उपरोक्त वर्णित बाह्य प्रयोगको समर्थनमा थुप्रै अभिमत भेटिन्छन्। प्रयोगिक जीवमा विकिरणजन्य दाह तथा व्रणमा प्रयोग गर्दा यो पाइएको छ कि घ्यूकुमारीको प्रयोगबाट अन्य औषधिको अपेक्षा चाँडै दग्धलाई भर्ने दर बढ्छ। जीवभित्र यी घाउलाई भर्ने एन्जाइम्सको मात्रामा अत्यधिक वृद्धि हुन्छ । यस औषधिमा पाइने क्राइसोफेनिक अम्ल पनि प्रचण्ड जीवाणुनाशी हुन्छ ।

बाह्य प्रयोगको लागि घृतकुमारीको पत्रबाट प्राप्त लसालु द्रव्य जुन सेतो गुदीको रूपमा हुन्छ– प्रयुक्त हुन्छ। पोलेको ठाउँ, छाला रोग, जीर्ण व्रण, अर्बुद, स्तन्यशोथ, पाइल्स (अर्श)मा गुदीको पुल्टिस लगाइन्छ। यसको गुदी आँखामा लगाउँदा लाली र गर्मी हराउँछ । भाइरल कन्जक्टिभाइटिसमा यसले लाभ पुऱ्याउँछ।

# मानव शरीरमा १०७ मर्मस्थान, जहाँ आघात पुगे निधन हुन सक्छ

काठमाडौं, २५ फागुन/ रासस

मानव शरीरमा १०७ वटा जीवितीय बिन्दु हुन्छन् । ती बिन्दुमा आघात पर्दा मानिसको निधनसमेत हुन सक्ने भएकोले यस विषयमा जानकारी गराउन तीन दिने मर्म चिकित्सासम्बन्धी तालीम शुरू भएको छ ।

राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालीम केन्द्र कीर्तिपुरले सोमवारदेखि तीन दिने मर्म चिकित्सासम्बन्धी तालीम शुरू गरेको हो। आयुर्वेद स्वास्थ्य संस्थाका ३० कविराज र वैद्यलाई सोमवारदेखि तालीम शुरू गरिएको केन्द्रका कार्यकारी निर्देशक डा रामआधार यादवले जानकारी दिए ।

प्राचीनकालमा मर्मस्थानमा कवच लगाएर सुरक्षा गर्ने गरिएकामा हाल यी स्थानको ज्ञानको अभावमा चोटपटक लाग्दा मानिसको एक्कासि निधनसमेत हुने गरेको छ। कसैलाई जानेर वा नजानेर मर्मस्थानमा हिर्काउँदा तत्कालै निधन भई पश्चात्ताप गर्नुपर्ने घटना पनि भएका छन्। यही विषयमा जानकारी गराउन मर्म चिकित्सासम्बन्धी तालीम शुरू गरिएको हो ।

दुवै हातमा ११/११ गरी २२ वटा मर्मस्थान हुन्छन्। यसैगरी, गोडामा पनि ११/११ गरी २२ नै मर्मस्थान हुन्छन् । यसैगरी, पेट र छातीमा १२ मर्मस्थान हुन्छन् । ढाडको भागमा १४ मर्मस्थान हुन्छन् । घाँटीभन्दा माथि ३७ मर्मस्थान हुन्छन् । तिनलाई ऊर्ध्वजत्रिगत मर्म भनिन्छ ।

यसैगरी, मानव शरीरमा सधः प्राणहर मर्म १९ वटा हुन्छन् । दुर्घटना वा चोटपटकका क्रममा यहाँ आघात परे घटनास्थलमैं मानिसको निधन हुन सक्छ। यस्ता मर्मस्थान टाउकामैं सातवटा रहेको कार्यकारी निर्देशक यादवले बताए । यसैगरी, घाँटीमा आठ यस्ता मर्मस्थान छन्। गुदा क्षेत्रमा एउटा यस्तो मर्मस्थान छ । शरीरमा क्लान्तर प्राणहर मर्म ३७, विशल्यघ्न तीन, वैकल्य कर ४४ र रूजाकर नामका मर्मस्थान आठवटा हुन्छन् । मर्मस्थानमा प्राणको बास हुने भएकाले आघातका क्रममा मृत्युसमेत हुने गरेकाले चिकित्सकमार्फत मानव समुदायलाई जानकारी गराउन लागिएको हो । यससम्बन्धी ज्ञान भएमा स्नायु प्रणालीका कारण शरीरमा लाग्न सक्ने रोगबाट बच्न सकिने भएकाले तालीम आयोजना गरिएको केन्द्रले जनाएको छ।

**गुर्जोको उपयोगिता र विशेषता पनि सिकाइँदै**

तालीममा मानव शरीरमा रोग प्रतिरोधात्मक क्षमता वृद्धि गर्ने वनस्पति गुर्जोको उपयोगिता, विशेषता र महत्त्वसमेत सिकाइएको छ। तालीममा सातै प्रदेशका गरी ३० आयुर्वेद स्वास्थ्यकर्मीको सहभागिता छ । तीन दिने तालीम उद्घाटन समारोहमा आयुर्वेदिक वनस्पति गुर्जोका विषयमा विशेष छलफल भएको छ। कार्यक्रममा गुर्जोबाट बनेको औषधि धूलो र चियासमेत वितरण गरिएको छ ।

कार्यक्रममा गत वर्ष चैतदेखि कोरोनाबाट बच्न गुर्जोको धूलो र चिया लिएर हिंडेका अभियानकर्मी कमलबहादुर राजलवटले उपयोगिता, विशेषता र महत्त्वका बारेमा जानकारी गराएका थिए । उनले कार्यक्रममा सहभागी ५० जनालाई औषधीय गुणले युक्त गुर्जोका सामग्री हस्तान्तरण गरेका थिए ।

सो अवसरमा राष्ट्रिय योजना आयोगका सहसचिव एवं योगगुरु किशोर जोशीले तालीमका सहभागीलाई योग गराएका थिए । आयुर्वेद र योगलाई नागरिकको स्वास्थ्य सुधारका लागि उपयोग गरिने केन्द्रले जनाएको छ । आयुर्वेदका चिकित्सक एवं स्वास्थ्यकर्मीलाई योग शिक्षकका रूपमा पनि जिम्मेवारी दिने गरी तालीम दिनुपर्नेमा जोड दिइएको थियो ।

यसैगरी, २०७७ वैशाखदेखि चलाएको गुर्जोको बेर्ना वितरण हालसम्म एक लाख ५० हजारभन्दा बढी मानिसकहाँ पुगिसकेको उनले बताए। पाँच हजारभन्दा बढी कोरोना पोजेटिभ भएकालाई गुर्जोको चिया खुवाउने, धूलो औषधि वितरण भएको छ । गुर्जोको नियमित सेवनले रोग प्रतिरोधात्मक क्षमता बढ्ने, शरीरमा बल प्रदान गर्ने, शरीरको विकारलाई बाहिर निकाली स्वस्थ बनाउने काम गर्छ।

गर्भवती महिला र पाँच वर्षभन्दा मुनिका बालबालिकाले भने गुर्जोबाट बनेका परिकार सेवन गर्न नहुने जनाइएको छ । आयुर्वेद शास्त्रको 'यस्य देशस्य यो जन्तोः तस्य तद् औषधं हितम्' अर्थात् जुन स्थानमा मानिस जन्मन्छ, उसलाई औषधिको काम गर्ने वनस्पति त्यहीं हुन्छ भन्ने सिद्धान्तका आधारमा गुर्जोजस्ता ओषधीय गुणले युक्त वनस्पतिको संरक्षण गरिनुपर्ने उनले बताए ।

हिमालयको काखमा रहेको नेपाली वनपाखामा धेरै किसिमका औषधीय गुणले युक्त जडीबुटी एवं वनस्पति भएपनि तिनको सदुपयोग हुन सकेको छैन । कतिपय जडीबुटी, वनस्पति चोरी निकासी भई त्यसमा रासायनिक पदार्थ मिलाएर बनाइएको आधुनिक औषधि नेपालमा भित्रने गरेको अभियानकर्मीको गुनासो छ। यसले ठूलो धनराशि विदेशिने गरेको छ । आयुर्वेदिक औषधि बनाएर बिक्री वितरण गरे त्यो पैसा स्वदेशमैं बस्नेछ।

आयुर्वेद अस्पताल र औषधालयलाई प्रवर्द्धन गर्न खोज अनुसन्धानमा जोड दिनुपर्ने चिकित्सक आचार्यको भनाइ छ।



आयुर्वेद औषधि उत्पादन गर्ने सिंहदरबार वैद्यखाना विकास समितिसमेत निरन्तर ओरालो लागेकाले सरोकार भएका निकायको ध्यान जानुपर्ने अभियानकर्मीको भनाइ छ।

यस वर्ष वर्षात्का सयमा वाग्मती नदी किनारमा पनि हजारौंको सङ्ख्यामा गुर्जोको बिरुवा रोपिएको छ । गुर्जो अभियानकर्मी राजलवटले उपलब्ध गराएको बिरुवा वाग्मती, रुद्रमती, विष्णुमती, मनोहरा, हनुमन्तेलगायत नदीका विभिन्न स्थानमा सफाइ अभियानकर्मीले रोपेका छन्। उपत्यकाका धेरै स्थानमा एक घरमा एक गुर्जोको बिरुवा रोप्न पुग्ने गरी निश्शुल्क वितरण भएको छ ।

देशभर एक घर एक गुर्जोको बिरुवा रोप्न पुग्ने गरी वितरण गर्ने गुर्जो अभियानकर्मी राजलवटको प्रतिबद्धता छ। शनिवार र बिदाका दिन छुट्टी नमनाइ

(बाँकी अन्तिम पातामा)

## फरक समाचार

# फिलिपिन्सले खाना बढी जोगाउँछ

कोरोना भाइरसको कारण संसारको अर्थव्यवस्था प्रभावित भएको छ । यसबाट खानपानमा पनि असर परेको छ। संयुक्त राष्ट्रसङ्घको संस्था खाद्य एवं कृषि सङ्गठन अनुसार सन् २०१९ मा ६९ करोड व्यक्ति भोकमरीसँग लड्दैछन्।



कोरोना महामारीबाट यो सङ्ख्यामा बढोत्तरी भएको छ। रिपोर्टहरू अनुसार सन् २०१९ मा ९३ करोड १० लाख टन खाना बर्बाद भएको थियो, जुन कुल उपलब्ध खानाको लगभग १७ प्रतिशत हो। संयुक्त राष्ट्र पर्यावरण कार्यक्रमको तथ्याङ्क अनुसार भारतमा हरेक वर्ष प्रतिव्यक्ति ५० किलो खाना खेर जान्छ। सबैभन्दा बढी खाना घरभित्र नै बर्बाद हुन्छ। आवश्यकताभन्दा बढी खाना बनाएर बाँकी रहेको खाना फाल्न घरका सदस्यहरूले सङ्कोच मान्दैनन्। दोस्रो नम्बरमा रेस्टुरेन्ट परेको छ। यसको साथै खुद्रापसलले पनि अन्नको निकै बबादी गर्छ। सही ढङ्गले भण्डारण नगर्दा अन्न बिग्रिन्छ र त्यसलाई फाल्नुपर्छ।

युरोपेली देश बेल्जियमले सबैभन्दा बढी खाना बर्बाद गर्छ भने फिलिपिन्स मात्र एउटा यस्तो देश हो, जहाँ खानाको सबैभन्दा बढी बचत हुन्छ। अस्ट्रेलियामा हरेक वर्ष लगभग ३६१ किलो खाना प्रतिव्यक्ति बर्बाद हुने गर्छ। प्रतिअमेरिकीले हरेक वर्ष २७८ किलो खाना बर्बाद गर्छ । अध्ययन अनुसार विकासशील र विकसित देशमा खानाको बर्बादीको कारण भिन्दाभिन्दै छ । विकसित देशमा सबैभन्दा बढी खाना रेस्टुराँमा बर्बाद हुन्छ भने विकासशील देशमा अन्नको सही भण्डारण नगर्दा र फसल काट्ने क्रममा बढी खाना बर्बाद हुन्छ। सन् २०१९ मा अमेरिकामा लगभग ६० मिलियन टन फल र तरकारी फालिएको थियो, कारण थियो फल र तरकारी राम्रो देखिएको थिएन ।

# नीलो अर्थव्यवस्था भनेको के हो

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले अर्थव्यवस्था मजबूत बनाउनको लागि ब्लु इकोनोमी (नीलो अर्थव्यवस्था) अगाडि बढाउने विचार राखेका छन्। उनका अनुसार आगामी समयमा त्यही देश मजबूत हुन्छ, जसको नीलो अर्थव्यवस्था विकसित हुन्छ। नीलो अर्थव्यवस्था निकै पुरानो शब्द हो। आजभन्दा एक दशक



पहिले यो शब्द अस्तित्वमा आएको थियो । समुद्रको माध्यमबाट व्यापारलाई बढावा दिनुलाई नै ब्लु इकोनोमी भनिन्छ। यस शबदको खोज बेल्जियमका व्यापारी र लेखक गुन्टेर पोलीले गरेका थिए। यस शब्दको पछाडि जुन अर्थ छ, त्यो सयौं वर्षदेखि प्रयोग भइरहेको छ । सदिऔंदेखि व्यापारीले समुद्रको माध्यमबाट एक देशबाट अर्को देशमा पुगेर व्यापार फैलाउँदै आइरहेका छन्। यो प्रक्रिया त्यस समयदेखि जारी छ, जब न हवाईजहाजको व्यवस्था थियो, न सडकमार्गबाट संसार जोडिएको थियो। यस्तो स्थितिमा व्यापारको एउटा मात्र र सबैभन्दा उत्तम साधन समुद्री मार्ग नै थियो । समुद्री बाटो, नयाँ बन्दरगाह र समुद्री सामरिक नीतिको माध्यमबाट अर्थव्यवस्थालाई अगाडि बढाउनु नै ब्लु इकोनोमी भनिन्छ।

ब्लु इकोनोमीमा सबैभन्दा पहिले समुद्रमा आधारित बिजेनस मोडेल तयार गरिन्छ । त्यसपछि संसाधनलाई ठीक ढङ्गले प्रयोग गर्न र समुद्री फोहरबाट जोगिन डायनामिक मोडेलमाथि काम गरिन्छ। हाल पर्यावरण संसारकै सबैभन्दा ठूलो मुद्दा हो । तसर्थ ब्लु इकोनोमीलाई अपनाउँदा निकै फाइदा हुन्छ। समुद्रले घेरिएको भारत, चीनलगायत संसारभरिका थुप्रै देशले यस नयाँ अर्थव्यवस्थामाथि काम गरिरहेको छ ।

# खतरनाक वैज्ञानिक प्रयोग

सन् १९४० को दशकमा एउटा वैज्ञानिक प्रयोग गरिएको थियो । यस प्रयोगको नाम 'रसियन स्लीप एक्सपेरिमेन्ट' नाम दिइएको थियो। यस प्रयोगमा जेलमा बन्द पाँचजना कैदीसँग सम्झौता गरियो, प्रयोगमा सहभागी हुन्छन् भने उनीहरूलाई रिहा गरिनेछ । त्यसको लागि उनीहरू तीस दिनसम्म नसुतेर बस्नुपर्छ । कैदीहरू राजी भए । त्यसपछि उनीहरूलाई एउटा एयर टाइट



च्याम्बरमा बन्द गरियो र त्यसमा एउटा ग्यास राखियो, जसले गर्दा कैदीहरूलाई निद्रा लाग्दैन र वैज्ञानिकले यो ग्यासको प्रभाव उनीहरूमाथि कस्तो पर्छ हेर्न थाले ।

सुरुआतमा सबै ठीक थियो । सबै कैदी आरामले एकअर्कासँग कुरा गरेर बस्थे। वैज्ञानिकहरूले उनीहरूको कुरा रेकर्ड गर्दथे र सीसाको माध्यमबाट निगरानी पनि गर्थे। एक सातासम्म कैदीहरूको अवस्था ठीक थियो तर त्यसपछि अवस्था बिग्रिन थाल्यो । कैदीहरू एकअर्कासँग कुराकानी गर्न बन्द गरे र आफैंसँग कुरा गर्न थाले। ११ दिनपछि एकजना कैदी जोडजोडले कराउन थाल्यो, जोडले कराउँदा उसको स्वर नली फुट्यो। अचम्मको कुरा सो कैदी कराएपछि बाँकी कैदीहरूलाई कुनै प्रभाव परेन। कैदीहरूको अवस्था देखेर वैज्ञानिकले यो प्रयोग रोक्ने निर्णय गरे। १५औं दिन उनीहरूले कैदीहरूको च्याम्बरमा त्यो ग्यास राखेनन्, जसबाट कैदीहरू निदाउन सक्दैनथिए। तर यसको उल्टो प्रभाव पऱ्यो। सबै कैदी अचानक कराउन थाले र भन्न थाले– हामीलाई बाहिर ननिकाल, हामी बाहिर आउन चाहँदैनौं। यसबीच एउटा कैदीको च्याम्बरमैं मृत्यु भयो। मरेका कैदीको मासु अन्य कैदीहरूले खाइरहेको देखेपछि वैज्ञानिकहरू निकै डराए । वैज्ञानिकले प्रयोग रोक्न चाहे पनि कमान्डरले रोक्न दिएनन् । तर एकजना वैज्ञानिकले सबै कैदीलाई मारे र प्रयोगसँग सम्बन्धित सम्पूर्ण प्रमाण नष्ट गरिदिए । भनिन्छ, प्रथम र द्वितीय विश्वयुद्धको समयमा जापान र चीनमा मनुष्यमाथि थुप्रै खतरनाक प्रयोग गरिएको थियो ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# चीनको सिनोभ्याक खोप चिली पुग्यो

सान्टियागो, २५ फागुन/सिन्हवा

चीनको औषधि निर्माता फर्म सिनोभ्याकले उत्पादन गरेको कोभिड–१९ विरुद्धको खोप “कोरोनाभ्याक”को पाँचौं खेप चिली आइपुगेको छ। चिली सरकारलाई उक्त खोप हस्तान्तरण गरिएको छ।



कोभिड–१९ विरुद्धको खोप “कोरोनाभ्याक”को पाँचौं खेप चिली पुगेपछिको दृश्य। तस्वीरः सिन्हवा

चिलीका स्वास्थ्यमन्त्री एनरिक पेरिस र अन्य अधिकारीहरूले सान्टियागो विमानस्थलमा चिनियाँ खोप बुझेका थिए। चीनले पठाएको यो खोप पाँचौंपटक हो।

त्यस अवसरमा संक्षिप्त प्रतिक्रिया दिंदै स्वास्थ्यमन्त्री पेरिसले चीनबाट उपलब्ध खोपले चिलीका सर्वसाधारणलाई कोरोना भाइरसबाट सुरक्षित राख्न महत्त्वपूर्ण हुने विश्वास व्यक्त गरे।

चिलीको जनस्वास्थ्य इन्स्टिच्युटले गत जनवरी २० मा सिनोभ्याकको खोपलाई आपत्कालीन प्रयोगका लागि अनुमति दिएको थियो।

चिलीमा गत फेब्रुअरी ३ बाट सर्वसाधारणलाई खोप दिन थालिएको छ।

यस वर्ष पहिलो तीन महीनाभित्र उच्च जोखिममा रहेका भनी पहिचान गरिएका करीब ५० लाख व्यक्तिलाई खोप लगाउने चिलीको योजना छ।

उक्त खोप अभियान समाप्त भएलगत्तै अरू एक करोड ५० लाख व्यक्तिलाई खोप दिइनेछ।

दक्षिण अमेरिकी मुलुक चिलीमा हालसम्म ४१ लाख ७६ हजार व्यक्तिले खोप लिइसकेका छन्। त्यसमध्ये झन्डै पाँच लाख मानिसले दोस्रो डोज पनि लगाएको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

अधिकारीहरूका अनुसार हालसम्म चिलीमा आठ लाख ६० हजार व्यक्तिमा कोरोना सङ्क्रमण देखिएको र तीमध्ये करीब २१ हजार व्यक्तिको सङ्क्रमणबाट मृत्यु भइसकेको छ। रासस

# भारतमा विपक्षीको अवरोधपछि दुवै सदनको बैठक एक दिन बोलाइयो

नयाँ दिल्ली, २५ फागुन/पिटिआई

भारतमा संसद्को बजेट सत्रको दोस्रो सत्रमा तेलको मूल्यलाई लिएर विवाद चर्किएपछि दुवै सदनको गतिविधि अवरुद्ध बनेको छ।


भारतीय संसद्मा विवाद चर्किएपछि अवरुद्ध भएको बैठक। तस्वीरः एजेन्सी

तेलको मूल्यवृद्धिलाई लिएर दोस्रो दिन पनि विपक्षी पार्टीले सदन अवरुद्ध गरेपछि लोकसभा तथा राज्यसभाको बैठक बुधवारसम्मको लागि स्थगित गरिएको हो।

दिउँसो १२ बजे लोकसभाको पूर्वनिर्धारित कारबाई शुरू हुने बित्तिकै विपक्षी सांसदहरूले सदन अवरुद्ध गरेका थिए।

काङ्ग्रेसका केही सांसदहरूले तेलको मूल्य फिर्ता लिनुपर्ने माग गरेका छन्।

त्यही दिन काङ्ग्रेसका नेता अधीर रञ्जन चौधरीले लोकसभा टेलिभिजनमा विपक्षीले भनेको कुरा नदेखाएको आरोप लगाएका थिए। उनले विक्षपीको कुरा लोकसभाको टेलिभिजनमा नआएको भन्दै आश्चर्य व्यक्त गरेका थिए।

यता, लोकसभाका अध्यक्ष ओम बिड्लाले उक्त टेलिभिजनमा विपक्षीले देशलाई हङ्गामा देखाउन खोजेको हो भनी प्रतिप्रश्न गरेका थिए।

जवाफमा चौधरीले उक्त प्रदर्शन संसदीय कारबाईको हिस्सा भएकाले देखाउनुपर्ने जिकिर गरेका थिए।

राज्यको विधानसभा चुनावका कारण संसदको सत्रलाई छोट्याउन सक्ने भारतीय सञ्चारमाध्यमहरूद्वारा प्रसारित समाचारमा उल्लेख गरिएको छ। रासस

# गिनी विस्फोटमा मारिनेको सङ्ख्या ९८ पुग्यो, ६१५ घाइते

याउन्डे, २५ फागुन/सिन्हवा

अफ्रिकी मुलुक इक्वेटोरियल गिनीको सबैभन्दा ठूलो शहर बाटामा भएको विस्फोटमा मारिनेको सङ्ख्या ९८ जना पुगेको अधिकारीहरूले बताएका छन्।


इक्वेटोरियल गिनीको बाटा शहरमा भएको विस्फोटमा क्षतिग्रस्त घरहरू। तस्वीरः सिन्हवा

गिनीको स्वास्थ्य मन्त्रालयका अनुसार उक्त दुर्घटनामा अरू ६१५ जना घाइते भएका छन्।

मन्त्रालयले घाइतेमध्ये ३१६ जना अस्पतालबाट डिस्चार्ज भएका छन् भने २९९ जना अस्पतालमा उपचार गराइरहेको जनाएको छ।

बाटास्थित एन्कोआन्टोमा सेनाको ब्यारेकमा राखिएको विस्फोटक पदार्थमा आइतवार अपराह्न आगो लागेपछि उक्त दुर्घटना भएको थियो। किसानले खेतमा बालेको आगो सैन्य शिविरभित्र पनि फैलिएको थियो।

घाइतेको सङ्ख्या धेरै भएपछि स्थानीय स्वास्थ्य संस्थाहरूले सर्वसाधारणलाई रक्तदान गर्न आह्वान गरेका थिए। बाटामा रहेको चिनियाँ स्वास्थ्य टोलीले घाइतेको उद्धारमा सहयोग गर्नुका साथै चिकित्सा उपकरण स्थानीय अस्पताललाई उपलब्ध गराएको थियो। विस्फोटस्थलको आगो सोमवार अपराह्नसम्ममा नियन्त्रणमा ल्याइएको थियो। गिनीको बाटा शहर सबैभन्दा बढी मानिसको बसोबास रहेको स्थान हो। रासस

# राजदूत क्वात्राद्वारा कुमारी निवासको शिलान्यास

प्रस, वीरगंज, २५ फागुन/

नेपालका लागि भारतीय राजदूत विनयमोहन क्वात्राले ललितपुर, पाटनस्थित कुमारी छें र कुमारी निवासको पुनर्निर्माणका लागि मङ्गलवार शिलान्यास गरेका छन्।

शिलान्यास कार्यक्रममा ललितपुर महानगरका प्रमुख चिरीबाबू महर्जन, पूर्वसंस्कृतिमन्त्री बुद्धिराज बज्राचार्य, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण परियोजनाका निर्देशक श्यामकिशोर सिंह, कुमारी छें उपभोक्ता समितिका पदाधिकारी सदस्यहरू सहभागी थिए।


शिलान्यास गर्दै राजदूत क्वात्रालगायत। तस्वीरः सौजन्य

२०७२ सालको भूकम्पले क्षति पुऱ्याएको नेपालका ८ जिल्लाका २८ वटा सांस्कृतिक सम्पदामध्ये कुमारी छें र कुमारी निवास विकास र निर्माण दोस्रो चरणको भएको दूतावासले जनाएको छ।

२८ वटा सांस्कृतिक सम्पदाको लागि रु ५ अर्ब ८ करोड आर्थिक सहयोगको प्रतिबद्धता अनुसार भारत सरकारले कुमारी छें र कुमारी निवासको निर्माणमा खर्च गरेको हो।

# ६ महिलासहित २५ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, २५ फागुन/

महाशिवरात्रिको अवसरमा




ब्रह्माकुमारी राजयोग सेवा केन्द्र वीरगंजले आयोजना गरेको रक्तदान कार्यक्रममा ६ जना महिलासहित २५ जनाले रक्तदान गरेका छन्।

विश्वदर्शन भवन छपकैयामा आयोजित रक्तदान कार्यक्रममा जसोदा देवी, निपुल कुशवाहा, मञ्जु यादव, रञ्जु चौधरी, सञ्जु चौधरी, राजेश यादव, पुष्पकुमार श्रेष्ठ, इजहार अहमद, सुमित अग्रवाल, राकेश कुशवाहालगायतले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक जीतेन्द्र कुशवाहाले बताए।

रक्तदान कार्यक्रम ब्रह्माकुमारी राजयोग सेवा केन्द्र वीरगंजकी प्रमुख सञ्चालिका रविना दिदीको अध्यक्षतामा तथा नेपाल चिकित्सक सङ्घ, पर्साका अध्यक्ष डा अरुणकुमार कर्णको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी, पर्साका उपसभापति मधु राणा, सामुदायिक सेवा केन्द्र छपकैयाका अध्यक्ष ग्यासुद्दीन ठकुराई, नेपाल पत्रकार महासङ्घका प्रदेश सदस्य जगत राईलगायतको सहभागिता थियो। कार्यक्रममा बेली दिदीले स्वागत र विके गोकुल भाइले सहजीकरण गरेका थिए।

यसैगरी, कार्यक्रममा ३५ जनाको निश्शुल्क नेत्र परीक्षण गरिएको थियो।

# ठोरी सर्पदंश उपचार केन्द्रको प्रशंसा

प्रस, ठोरी, २५ फागुन/

ठोरी गाउँपालिका–४ स्थित सर्पदंश




केन्द्र एक वर्ष पूरा भएको अवसरमा स्थापना दिवस मनाइएको छ।

कार्यक्रममा वक्ताहरूले सर्पदंश केन्द्रले बिरामीहरूको जीवनरक्षा गरेकोमा प्रशंसा गरे। केन्द्रमा अझै प्राविधिक सेवा अपुग भएको भन्दै सेवा वृद्धि गर्नुपर्नेमा जोड दिएका थिए।

कार्यक्रममा वडाध्यक्ष बईबहादुर पाख्रिन, सर्पदंश केन्द्र व्यवस्थापन समितिका अध्यक्ष मानबहादुर श्रेष्ठ, पूर्व गाविस अध्यक्ष लालबहादुर श्रेष्ठ, नेपाली काङ्ग्रेस पर्साका सदस्य रामबहादुर श्रेष्ठ, सन्तोष श्रेष्ठलगायतले मन्तव्य राखेका थिए। कार्यक्रममा प्रहरी, नेपाली सेना र उपचारमा संलग्न प्राविधिकहरूलगायतको उपस्थिति थियो। सो सर्पदंश केन्द्रले ठोरी, जीराभवानी, जगरनाथपुर गापा र चितवनको माडी नगरपालिका–९ बाँदरझुलाका बासिन्दालाई सेवा दिंदै आएको छ।

सर्पदंश केन्द्रले हालसम्म १०७ जनाको उपचार गरिसकेको छ। केन्द्रमा सर्प, बिच्छी र माहुरीले टोकेका बिरामीहरूको उपचार हुने गरेको नेपाली सेनाले जनाएको छ।

**Om Advertising**
A Complete art Solution
Flex Print, 3D, 2D
Flex Print, Backlit Print, inyle Print, Reflective Print, Hoarding Board, Glowsing Board, LED Board, Sticker Print, Wall Painting, Shutter Painting, Welcome Gate, Name/No. Plate
Parwanipur, Bara
9802818703, 9846418703

**Poonam Arts**
......A Complete art Solution
- Flex Print - Sticker Print
- Dps Board - Light Board
- Glowsing Board
- Wall Painting
- Stall Decoration
- 2D-3D Board
- Hoarding Board
- Digital Hoarding Board
National Trading, Main Road, Birgunj
Ph: 051-525653

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | कर्मप्राप्ति | वृष | अलमल |
| मिथुन | वादविवाद | कर्कट | व्यापारवृद्धि |
| सिंह | वादविवाद | कन्या | चोरभय |
| तुला | भयचिन्ता | वृश्चिक | राज्यलाभ |
| धनु | कान्तिक्षय | मकर | सुयश |
| कुम्भ | सुयश | मीन | धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

FIRST TIME IN BIRGUNJ
THE BIGGEST MOTIVATIONAL SEMINAR by Mr. SONU SHARMA
CONTACT FOR SPONSOR / TICKET
Dream Event
10th April 2021

**Admission Open**
BBA (Bachelor of Business Administration)
BBA-TT (Bachelor of Business Administration-Travel & Tourism)
BCA (Bachelor of Computer Aplication)
CITIZEN COLLEGE
POKHARA UNIVERSITY AFFILIATE
Kumaripati, Lalitpur (Opposite to Mahayaan Petrol Pump)
01-5545684, 5545685, 9851000035

## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

# वीरगंजको ट्राफिक व्यवस्थापनमा सुधार गरिँदै



फुटपाथ अतिक्रमणमुक्त गर्दै र जथाभावी पार्किङ गरिएको मोटरसाइकललाई लक गर्दै । तस्वीर: सौजन्य

प्रस, वीरगंज, २५ फागुन/

वीरगंजको ट्राफिक व्यवस्थापनमा अहिले क्रमशः सुधार हुँदै गएको छ । करीब तीन महीनादेखि ट्राफिक व्यवस्थापनमा जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्साको सक्रियतामा प्रहरी, नगरप्रमुख, विभिन्न सामुदायिक संस्थाहरू सहभागी भएर वीरगंजको भद्रगोल ट्राफिक व्यवस्थापनमा केही सुधार ल्याएका छन् ।

अलखियामठदेखि पावरहाउससम्मको क्षेत्रमा अहिले सडक, फूटपाथ अतिक्रमण क्षेत्र हटाइएको छ। यसैगरी, घण्टाघरमा ट्राफिक जाम हुँदै आएकोमा त्यहाँ दैनिक दुईजना ट्राफिक प्रहरी खटाएर सवारीसाधनलाई सहज आवतजावत बनाइएको छ। टेलिकम वीरगंज शाखाको पूर्वबाट माईस्थान गहवामाई जाने सडकमा लगाइने जथाभावी तरकारी पसल र अन्य पसललाई हटाएर त्यहाँ आवागमन सहज बनाइएको छ ।

यसैगरी, गहवामाई क्षेत्रमा जथाभावी सवारी पार्किङ र खाद्यान्नका ठेलाका साथै फूटपाथसमेत अतिक्रमण गरी हुने व्यवसायहरू हटाएर त्यहाँको सडक फूटपाथलाई व्यवस्थित गरिएको छ । दैनिक भीड हुने सो क्षेत्रमा ट्राफिक सुधारका कारण सवारीसाधन आवागमन र मन्दिर दर्शन गर्न आउनेहरूलाई सहज भएको छ ।

यसैगरी, विपी उद्यानमा पर्खाल घेरिएको क्षेत्रबाहिर हुने व्यापार, व्यवसायलाई पनि त्यहाँ हटाएर खाली गराइएको छ । सो क्षेत्रमा दैनिक हुने ट्राफिक जामको समस्या अहिले टरेको छ। सोही क्षेत्रमा रात्रिबस सेवा सञ्चालन हुँदै आएकोमा अहिले त्यहाँ रात्रिबस ल्याउन बन्देज गरिएको छ र सबै बसलाई वीरगंज बसपार्कबाट सञ्चालन गर्न लगाइएको छ । रात्रिबसले सो क्षेत्रमा राति ८ देखि ९ बजेसम्म दैनिक भीड हुने गरेको थियो । अहिले यो समयमा पनि त्यहाँको सडकमा भीड कम भएको छ ।

आदर्शनगर, माईस्थान मन्दिर अगाडि लाग्ने ठेला व्यवसायलाई अहिले गीता मन्दिरअगाडि खाली ठाउँमा सारिएको छ, जसले गर्दा सो क्षेत्रमा हुने ट्राफिक समस्याको निराकरण भएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय, जिल्ला प्रहरी कार्यालय, नगरप्रहरी, सामुदायिक सेवा केन्द्रहरू र व्यवस्थित वीरगंज अभियानलगायत संस्थाले ट्राफिक व्यवस्थापनमा सक्रियता देखाएकाले वीरगंजको ट्राफिकमा अहिले केही सुधार देखिएको हो ।

**पार्किङ समस्या यथावत्**

ट्राफिक व्यवस्थापनमा अहिले सुधार आए पनि पार्किङको समुचित व्यवस्था नहुँदा केही ठाउँमा अहिले पनि सुधार भएको छैन । अलखियामठदेखि अस्पतालसम्मको क्षेत्रमा सडक फूटपाथमा जथाभावी पार्किङ भइरहेको छ । मालपोतअगाडि रहेको सशुल्क पार्किङ र एएमसीअगाडि रहेको सशुल्क पार्किङसमेतमा सवारीसाधनहरू अटाउन नसक्ने स्थिति भएकाले सो क्षेत्रको सडक फूटपाथमा जथाभावी भद्रगोल तरीकाबाट मोटरसाइकल, साइकल, कार पार्किङ गरिएको देख्न पाइन्छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्साका प्रहरी निरीक्षक सुमन कार्कीले भएको जनशक्ति र प्रहरीको विशेष सहयोग तथा विभिन्न सङ्घसंस्थाहरूको सहकार्यमा पहिलेको अवस्थामा केही सुधार आएको बताए । उनले अहिले पनि पार्किङको समस्या भएको र वैकल्पिक व्यवस्थाबारे छलफल हुने गरेको बताए ।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|




## युवकको.............

जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी नायब उपरीक्षक एवं प्रवक्ता गौतम मिश्रसहितको टोली घटनास्थल आइपुगेका थिए । घटनाबारे प्रहरीले तत्कालै प्रारम्भिक अनुन्धान गरेपछि घटना घटेको चार घण्टा नबित्दै अभियुक्त साहलाई नियन्त्रणमा लिएको थियो ।

रिसइबीका कारण आफूले रोहितमाथि चक्कु प्रहार गरी हत्या गरेको प्रहरीसमक्ष अभियुक्त साहले स्वीकारे गरेको प्रनाउ गौतम मिश्रले जानकारी दिए । घरपरिवारमा बेलाबखत झगडा भइरहे पनि ज्यानै मार्नेसम्मको घटना भएको भन्दै अभिभावक भोगेश्वर शर्मा र लालेदेवी शर्माले रुँदै भने ।

तीन/चार दिनअघि दाँतको उपचार गर्न आफूहरू रौतहट चन्द्रनिगाहपुरको घरमा बसेको अभिभावक शर्माद्वयले प्रहरीलाई जानकारी दिए। मृतक रोहित उनीहरूका धर्मपुत्र रहेको प्रहरीले जनाएको छ ।

कान्छा छोराको रूपमा रहेका धर्मपुत्र रोहित भने प्रायः अभिभावकसँगै र कहिलेकाहीं एक्लै निजगढको घरमा बस्थे। सालनालसहित पालनपोषण गरी धर्मपुत्र बनाएको भोगेश्वर शर्माले रोहितको नागरिकतासमेत बनाइदिएका थिए। प्राप्त समाचार अनुसार अभियुक्त साहलाई प्रहरीले अदालतमा बुझाएपछि अदालतले पुर्पक्षको लागि ५ दिन थुनामा राख्न आदेश दिएको छ ।

# खेलकूदको संसार

## वाग्मतीस्तरीय कराँते प्रतियोगिता चैतमा

बनेपा, २५ फागुन/रासस

काभ्रे कराँते एकेडेमीको आयोजना तथा नेपाल सितोरियो कराँते सङ्घ काभ्रेको संयोजकत्वमा आगामी चैत १ र २ गते बनेपामा वाग्मती प्रदेशस्तरीय कराँते प्रतियोगिता हुने भएको छ। यसअघि २०७६ सालमैं गर्ने तयारी भएको सो प्रतियोगिता कोभिड–१९ को प्रभावका कारण स्थगित भएको थियो ।

खेलमार्फत समयानुकूल अझ सबल र सक्षम खेलाडी तथा रेफ्रीहरू उत्पादन गर्ने उद्देश्यले आयोजना गर्न लागिएको सो प्रतियोगिताले आन्तरिक र बाह्य पर्यटक आकर्षण वृद्धि हुने जनाइएको छ। प्रतियागितामा महिला र पुरुष गरी दुई विधामा खेल हुने आयोजकले जनाएको छ। आयोजना संयोजन गर्ने संस्था नेपाल सितोरियो कराँते सङ्घका अध्यक्ष प्रताप वैद्यका अनुसार महिलातर्फ सातवटा समूह ४० किलोदेखि ६८ किलो तौल समूहका अतिरिक्त काटा र पुरुषतर्फ ४५ किलो तौल समूहदेखि ७५ र सोभन्दा माथि खुल्ला तथा काटा गरी आठ समूहमा स्पर्धा हुनेछन् ।

प्रतियोगितामा प्रदेशभित्रका एक जिल्लाबाट तोकिएको एउटा तौल समूहमा भाग लिन आउने व्यवस्था गरिएको आयोजकले जनाएको छ । सो प्रतियोगितामा १३ जिल्लासहित आयोजक संस्थाका गरी १४ समूहका करीब २१० जना खेलाडीको सहभागिता रहनेछ। प्रतियोगितको लागि करीब २२ लाख ८७ हजार खर्च लागत अनुमान गरिएको आयोजक संस्थाका अध्यक्ष कुबेर मानन्धरले जानकारी दिए। बनेपाको लायकु मञ्चमा हुने प्रतियोगिताका लागि सबैजसो खेलाडीको छनोट भइसकेको सङ्घका उपाध्यक्ष राजेशकुमार श्रेष्ठले बताए ।

## आठौं राष्ट्रिय एस्ट्रोनोमी ओलम्पियाडका लागि आवेदन आह्वान

काठमाडौं/

सन् २०२१ मा सञ्चालन गरिने आठौं राष्ट्रिय एस्ट्रोनोमी ओलम्पियाडको आवेदन खुला गरिएको छ ।

विद्यालय तहका विद्यार्थीको प्रतिभा पहिचान तथा प्रवर्द्धनका लागि सन् २०१४ देखि सञ्चालित कार्यक्रममा यस वर्ष कक्षा ८ देखि १२ सम्मका विद्यार्थीले आवेदन दिन सक्नेछन् । विद्यार्थीको तहगत सिकाइलाई ध्यान दिंदै राष्ट्रिय एस्ट्रोनोमी ओलम्पियाड जुनियर र सिनियर गरी दुई विधामा आयोजना गरिने नेपाल एस्ट्रोनोमिकल सोसाइटीका अध्यक्ष सुरेश भट्टराईले जानकारी दिए। सो अन्तर्गत कक्षा ८–१० सम्मका विद्यार्थीले जुनियरमा आवेदन दिन सक्नेछन् भने ११–१२ का विद्यार्थीले सिनियरमा आवेदन दिन सक्नेछन्। ओलम्पियाडको पहिलो चरणको छनोट परीक्षा प्रादेशिकरूपमा चैत २८, २०७७ (अप्रिल १०, २०२१) शनिवार मध्याह्न १२ बजेदेखि दिउँसो २ बजेसम्म इटहरी, जनकपुर, काठमाडौं, पोखरा, बुटवल, सुर्खेत तथा धनगढीमा आयोजना गरिनेछ ।

प्रदेश चरणमा गरेको प्रदर्शनका आधारमा दोस्रो चरण (राष्ट्रिय चरण) मा सम्बन्धित प्रदेशका विद्यार्थीलाई सामेल गराइने सोसाइटीले जनाएको छ । यसैगरी, दोस्रो चरणमा उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीलाई तेस्रो तथा अन्तिम चरणमा सहभागी गराइनेछ । तेस्रो चरणको मूल्याङ्कनमार्फत सहभागीलाई यो वर्ष सञ्चालन हुने अन्तर्राष्ट्रिय एस्ट्रोनोमी तथा एस्ट्रोफिजिक्स ओलम्पियाडका लागि सिफारिश गरिनेछ ।

# सिद्धेश्वर महादेव मन्दिरमा शिवरात्रिको तयारी

प्रस, कलैया, २५ फागुन/

बारा, कलैया उपमहानगर–३ स्थित सिद्धेश्वरनाथ महादेव मन्दिरमा महाशिवरात्रिको तयारी शुरू भएको छ।



तस्वीर: प्रतीक

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामाश्रेय साहको संयोजकत्वमा अनुष्ठान एवं मेला व्यवस्थापनको लागि विभिन्न उपसमिति गठन गरिएको छ। तीन सदस्यीय अतिथि सत्कार उपसमिति, जीतेन्द्र तिवारीको संयोजकत्वमा पाठपूजा व्यवस्थापन, भदई राम महरा चमारको संयोजकत्वमा मेला व्यवस्थापन, सङ्गीता तिवारीको संयोजकत्वमा प्रसाद वितरण तथा भान्सा व्यवस्थापन र सीताराम साहको संयोजकत्वमा सरसफाइ उपसमिति गठन गरिएको छ ।

धार्मिक अनुष्ठानको आचार्यमा विद्यालयका प्रधानाध्यापक ज्योतिष पण्डित छविरमण सुवेदी, सहआचार्य शिक्षक शान्तिराम मिश्र, व्यवस्थापकमा शिक्षक महेश्वर भण्डारी एवं निरीक्षकमा सहायक प्रअ राजकुमार प्रसाद रहेका छन् ।

महाशिवरात्रिको अवसरमा सिद्धेश्वरनाथ महादेव मन्दिरमा २४ घण्टे अखण्ड रुद्राभिषेक, हवन, आठ प्रहरको विशेष शिवपूजन, शप्तसती पाठ आदि धार्मिक कार्यक्रम आयोजना गरिने प्रअ सुवेदीले जानकारी गराए ।

## प्रहरीद्वारा घटनाका अभियुक्त सार्वजनिक

जिल्ला प्रहरी कार्यालय बाराले पत्रकार सम्मेलन गर्दै हत्या अभियुक्त साहले धारिलो घरेलु हतियार चक्कु घाँटीमा प्रहार गरी रोहितको हत्या आफूले गरेको अनुसन्धानका क्रममा स्वीकारेको बाराका प्रहरी उपरीक्षक दीपेन्द्र शाहीले जानकारी दिए ।



तस्वीर: प्रतीक

अभियुक्त साहलाई चन्द्रनिगाहपुरस्थित एक किरानापसलबाट घटना घटाएको चार घण्टाभित्रै पक्राउ गरिएको प्रउ शाहीले बताए ।

प्रहरीसमक्ष अभियुक्त साहले मृतक रोहित र आफूबीच लागूऔषध सेवन गर्ने क्रममा विवाद भइ रहने, आफूलाई अपमानित गर्ने, पेस्तोलले मारिदिने जस्ता धम्की दिने गरेकाले आफूले रोहितको हत्या गरेको स्वीकारेको प्रउ शाहीले बताए ।

साहको दाहिने हत्केलामा काटिएको आलो घाउ, घटना घटाउँदा प्रयोग गरिएको ज्याकेट, पाइन्ट चन्द्रनिगाहपुरस्थित निजकै घरमा हत्यामा प्रयोग गरिएको चक्कु र अभियुक्त साहले चढेर आएको ना.१३प ७२१२ नम्बरको मोटरसाइकलसमेत नियन्त्रणमा लिएको सो पत्रकार सम्मेलनमा जनाइएको छ ।

उक्त मोटरसाइकल मृतकका दाजु रौतहट चन्द्रनिगाहपुर बस्ने राजकुमार शर्माको रहेको र सो मोटरसाइकल तीन महीनादेखि अभियुक्त साहलाई चढ्न दिएको खुलेको फोन सम्पर्कमा प्रहरी प्रवक्ता मिश्रले जानकारी दिए ।

## सहयोगको पर्खाइमा.....

सखाप भयो । त्यसपछि वीरगंजको एक अस्पतालमा ५ दिनमा करीब ७० हजार खर्च हुँदा पनि छोरीलाई सन्चो नहुँदा हाल ६ दिनदेखि नेशनल मेडिकल कलेजमा उपचार गराइरहेको बताए । बुबा जयलालको एक धुर पनि जग्गा जमीन छैन । उनी गाउँकै नजीकै रहेको इँटाभट्टामा काम गर्छन् । दुई छोरी र तीन छोराका बुबालाई छोरीको उपचारमा आर्थिक अभाव हुँदा दुई छाक खान पनि धौधौ भएको छ । उनको छोरीको उपचारमा गापा अध्यक्ष प्रदीप जैसवाल र सामाजिक अगुवाहरूले पनि नसघाएको आरोप लगाइएको छ ।

किशोरीको उपचारमा सहयोग गर्न पोखरिया युवा समाजले पहल गरिरहेको बुबा रामले जनाएका छन्। अस्पतालका चिकित्सक डा असरफ हसैनले किशोरीको अवस्थामा सुधार हुँदै गएको बताए ।

## मानव शरीर.....

अभियानकर्मी राजलवट निश्शुल्क गुर्जो वितरण गर्दै हिंड्छन्। माग गर्ने जतिलाई निश्शुल्क गुर्जोको बिरुवा दिन तयार रहेको उनले सार्वजनिक घोषणा गर्दै आएका छन् । यस वर्ष पनि वर्षातमा गुर्जोको बिरुवा रोप्नलाई वितरण गरिने अभियानकर्मी राजलवटले बताए। यसका लागि धुलिखेलमा बेर्ना रोपिएको छ ।